### भ्रष्टाचारी पद मुक्त

काठमाडौं । सरकारले समाज कल्याण परिषद्का उपाध्यक्ष नीलमणि बरालसहित ५ पदाधिकारीलाई पदमुक्त गरेको छ । कानुनविपरीत काम गरेको भन्दै बरालसहित कोषाध्यक्ष वीरबहादुर ठगुन्ना, सदस्यहरु इन्द्रकुमार झा, गोकर्णप्रसाद भट्ट र सदस्य सचिव डिल्लीप्रसाद भट्टलाई पदमुक्त गरिएको सरकारका प्रवक्ता गोकुल बास्कोटाले जानकारी गराए । 'परिषद्लाई हानि पुऱ्याएकाले आर्थिक, प्रशासनिक अनियमितताबारे थप अनुसन्धान गरी कानुनी कारबाही गर्न प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने निर्णय गरिएको छ ।' बाँस्कोटाले भने ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

### १९ अर्ब जोखिममा

काठमाडौं । गरिबी निवारण गर्न गरिएको १९ अर्ब लगानी जोखिम परेको छ । गरिबी निवारण कोष र विश्व बैंक बीचको सम्झौता २०१८ डिसेम्बर ३१ मा समाप्त भइसकेको अवस्थामा उक्त रकम जोखिममा परेको हो ।

राष्ट्रिय सर्तकता केन्द्रले गरेको विस्तृत अध्ययनमा कोषमा भ्रष्टाचार र अनियमितता भएको पाइएको हो । अध्ययनपछि तयार पारेको केन्द्रको प्रतिवेदनमा अनुगमनको क्रममा केही संस्थाले काम नै नगरी सम्पूर्ण रकम भुक्तानी भएको जनाइएको छ । कोषले गरिबी बाँकी ८ पेजमा

वर्ष ७ अंक ४३, २०७५ साल फागुन १० गते शुक्रबार, नेपाल संवत् ११३९ (Feb. 22, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# सरकारका सबै अंग प्रत्यंग भ्रष्टाचारमा लिप्त

काठमाडौं । प्रधानमन्त्री केपी ओली जहाँसुकै बोल्दा पनि 'समृद्ध नेपाल सुखी नेपाली' को नारा लगाउन छोड्दैनन् । सरकारले लक्ष्य बोकेको छ सन् २०२२ सम्म नेपाललाई विकसित मुलुकमा स्तरोन्नति गर्ने र २०३० भित्रमा दिगो विकास लक्ष्य हासिल गर्ने । तर सरकारका सबै अंग प्रत्यंगहरुमा व्याप्त भएको भ्रष्टाचारको गतिलाई हेर्दा सरकरको नारा र प्रधानमन्त्रीले सार्वजनिक मञ्चहरुमा गर्ने भाषण कोरा कागजमा सीमित हुने संकेत स्पष्ट रुपमा देखिएको छ ।

भ्रष्टाचारीलाई लगाम कस्ने निकायका रुपमा रहेको संवैधानिक अंग अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त आफैं लाखौं रकम घूस बुझ्छन्, अदालतका न्यायाधीशहरु घूस खाएर भ्रष्टाचारीहरुलाई सफाइ दिन्छन्, सरकारका मन्त्री, सचिवहरु दुईवटा हवाईजहाज खरिद गर्दा साढे चार अर्ब घूस खान्छन्, घूसकै कारण राष्ट्रिय गौरवका मेलम्ची लगायतका आयोजनाहरु समेत लथालिंग पारिन्छ भने त्यस्तो देशका प्रधानमन्त्रीले समृद्धिको जतिसुकै रटान लगाए पनि जनताले विश्वास गर्ने अवस्था देखिँदैन ।

प्रधानमन्त्री सरकारको नालायकीपनको दोष अरुकै टाउकोमा हाल्दै भन्छन्- 'लोकतान्त्रिक प्रक्रियामा अवरोध सिर्जना गर्ने, विकास निर्माणमा बाधा हाल्ने, वैदेशिक लगानीकर्तालाई निरुत्साही पार्ने जस्ता गतिविधिहरु निन्दनीय छन् । सरकारका अलिकति पनि आफ्नो आलोचना सुन्न चाहँदैन । दुईतिहाईको दम्भले मात्तिएर आलोचक र विरोधीहरुको मुखमा लगाम लगाउन जस्तोसुकै हत्कण्डा अपनाउन सरकार पछि पर्दैन भन्ने ताजा उदाहरण लोकगायक पशुपति शर्माको 'लुट्न सके लुट' भन्ने गीत रोक्न युथ फोर्सको प्रयोगलाई हेर्दा काफी हुन्छ ।

भ्रष्टाचारसम्बन्धी अध्ययन गर्ने अन्तर र्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले केही दिन पहिले सार्वजनिक गरेको सूचकांकले समेत भ्रष्टाचार अरु मौलाउँदै गएको देखाएको छ । अघिल्लो वर्षको प्रतिवेदनभन्दा २०१८ मा नेपाल दुई तह तल झरेको छ । दक्षिण एसियामा अफगानिस्तान र बंगलादेशलाई मात्र सुशासनमा नेपालले उछिनेको छ । भ्रष्टाचार नियन्त्रण गर्न संविधान,



ऐन, कानुनमा पर्याप्त कानुनी व्यवस्था गरिएको छ । तर कानुनको कार्यान्वयन गराउने निकायमा नै एकमुष्ट ७८ लाख घूस बुझ्न सक्ने राजनारायण पाठक जस्ता व्यक्तिको हालिमुहाली रहेपछि स्वच्छता, पारदर्शिता, इमानदारिता भन्ने कुरा हराएर जाने नै भयो । अख्तियारका आयुक्त पाठकले नेपाल इन्जिनियरिङ कलेजको विवाद मिलाउने नाममा लिएको रकमको भिडियो बाहिरिएपछि अख्तियारको विश्वसनीयतामाथि नै गम्भीर प्रश्न चिन्ह खडा भएको छ । हुन त अख्तियारको नेतृत्वमा विगतमा लोकमान कार्की जस्ता सबैभन्दा ठूला भ्रष्ट र बदनाम व्यक्तिसमेत बसेका थिए ।

अहिले अख्तियारले महाअभियोगबाट बच्न राजीनामा दिएर पदबाट हटेका राजनारायण पाठकमाथि अनुसन्धान थालेको छ । अख्तियारले आफ्नो गुमेको शाख फर्काउन पाठकजस्ता पदीय आचरण विपरीतको काम गर्ने व्यक्तिलाई कानुनको कठघरामा उभ्याउन सक्नुपर्छ । त्यसैगरी उनलाई महाअभियोगबाट बचाउन राजीनामा गर्न सुझाव दिनेहरुलाई समेत भ्रष्टाचारका मतियार मान्दा फरक पर्दैन ।

एकातिर अख्तियारका आयुक्त आफैं भ्रष्टाचार प्रकरणमा परिरहेको अवस्थामा अर्कातर्फ काम थालेको तीन दशक हुन लाग्दा पनि पूरा हुन नसकेको राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी आयोजनाभित्र देखिएको अनियमितता र विवाद पनि उत्कर्षमा पुगेको छ । खानेपानी मन्त्रालयका सचिव गजेन्द्रकुमार ठाकुरलाई मन्त्री बिना मगरले हटाएकी छन् । ठाकुरलाई कमिशन विवादकै कारण सरुवा गराएको विभिन्न स्रोतबाट ग्रेटर नेपाललाई जानकारी प्राप्त भएको छ । सचिव ठाकुरले समेत मिडियासमक्ष इटालियन कम्पनी सिएमसीको जफत गरिएको रकम सिएमसीलाई फिर्ता दिन मन्त्री मगरले मौखिक रुपमा दबाब दिएको बताएका छन् । सचिव ठाकुरका अनुसार सीएमसीसँग ठेक्का तोड्दा जफत गरेको रकम र सीएमसीलाई भुक्तानी दिनुपर्ने रकम समेत गरेर सात अर्ब रुपैयाँ नेपाल सरकारको नियन्त्रणमा रहेको छ। मन्त्रीले उक्त रकम भुक्तानी दिन ठाकुरलाई पटक पटक आदेश दिएको र ठाकुरले यसलाई अस्वीकार गरेका थिए । सीएमसीले काम गर्ने कुनै ग्यारेन्टी नभएकाले यति ठूलो रकम किन दिने ? भनेर सचिव ठाकुरले तर्क गरेपछि विवाद बढेको र त्यही कारण उनलाई हटाइएको हो । मन्त्री मगरले भने छिटो काम सम्पन्न गर्न सीएमसीलाई नै काममा फर्काउने प्रयास भएको र नयाँ कम्पनीलाई ठेक्का दिँदा आयोजना सम्पन्न हुन झनै ढिला हुने बताएकी छन् ।

विश्वभर सञ्जाल भएको इटालियन ठेकेदार कम्पनी सीएमसी आर्थिक रुपले टाट उल्टिएर कम्पनी नै खारेज गर्ने अवस्थामा पुगेको घोषणा यसको हेड अफिसले नै गरेको छ । यस्तो अवस्थामा उक्त कम्पनीले फेरि ठेक्का सम्हालेर काम सम्पन्न बाँकी ८ पेजमा

## कन्सल्टेन्सीले विद्यार्थी ठगे

काठमाडौं । नेपाली विद्यार्थीको विदेशमा अध्ययन गर्ने पहिलो रोजाइमा पर्दै आएको मुलुक अष्ट्रेलियामा अध्ययन गरिरहेका एक हजारभन्दा बढी विद्यार्थी ठगिएका छन् । नेपाली शैक्षिक परामर्श दाता कम्पनीहरु र अष्ट्रेलियाका एजेन्टहरुको मिलोमतोमा अष्ट्रेलियाको सिड्नी र ब्रिजबेलमा रहेको अष्ट्रेलियन इन्स्टिच्युट अफ बिजिनेश एन्ड टेक्नोलोजीमा पुऱ्याइएका नेपाली विद्यार्थीहरुको भविष्य अन्धकार बनेको छ भने अभिभावकले खर्च गरेको लाखौं रुपैयाँ बालुवामा पानी खन्याएजस्तो बनेको छ ।

उक्त कलेजले अष्ट्रेलियन सरकारको स्वीकृतिबिनै सुरु गरेको ब्याचलर लेभलको नर्सिङ कक्षामा अध्ययन गरिरहेका विद्यार्थीले आफ्नो अध्ययन पूरा हुने अवस्थामा मात्र आफू ठगिएको चाल पाएका छन् । त्यस्तो गैरकानुनी ढंगले सञ्चालन भएको कलेजमा विद्यार्थी पठाउने परामर्शदाता नो अब्जेक्सन लेटर दिने शिक्षा मन्त्रालय र अष्ट्रेलियाको सरकार समेत विद्यार्थी ठगी प्रकरणमा दोषी देखिएका छन् ।

सञ्चारकर्मी रवि लामिछानेद्वारा सञ्चालित न्युज ट्यान्टीफोर टेलिभिजनको सिधा कुरा जनतासँग प्रत्यक्ष सम्पर्कमा आएका नेपाली विद्यार्थीहरुले रुँदै लामिछानेसँग आफ्नो समस्या राखेका थिए । एआईबिटी कलेजले अष्ट्रेलिया सरकारको नर्सिङ काउन्सिलमा दर्ता नगरी नर्सिङ कोर्स सञ्चालन गरेकाले झन्डै १२ सयको हाराहारीमा नेपाली विद्यार्थीको पढाइ गैरकानुनी ठहरिएको छ । काउन्सिलको स्वीकृतिबिना अध्ययन गरेका प्रमाणपत्रहरु काम नलाग्ने भएका छन् । उक्त कलेजमा नेपालका प्रायःजसो सबै चर्चित कन्सल्टेन्सीहरुले पठाएका विद्यार्थी अध्ययनरत बाँकी ८ पेजमा

## कृषिमा विषादी प्रयोग गर्नेलाई कारबाही

काठमाडौं । कृषिमा जथाभावी विषादी प्रयोग गर्ने दुष्प्रयास भइरहेका छन् । सागसब्जी, फलफूल आदिमा विषादी प्रयोगले मानव स्वास्थ्यमा जोखिम बढाउनुका साथै वातावरणीय प्रभाव पारेको छ । यसैबीच जथाभावी जीवनाशक विषादी प्रयोग गर्ने, उत्पादन तथा निकासी, पैठारी गर्नेलाई कडा कारबाही हुने गरी सरकारले विधेयक ल्याएको छ । यो सकारात्मक कुरा हो ।

प्रतिनिधिसभामा छलफलमा रहेको विधेयकमा पञ्जिकरण तथा इजाजत नलिई कुनै पनि जीवनाशक विषादी प्रयोगमा ल्याउन नहुने उल्लेख छ । यस्तै म्याद नाघेका विषादी बिक्री गरेमा, नक्कली विषादीको प्रयोग वा कारोबार गरेमा, विषादी व्यवस्थापनमा अवरोध पुऱ्याएमा, वातावरणीय प्रदूषण हुने गरी जीवनाशक बाँकी ८ पेजमा

## किसानमारा सरकारी नीति

काठमाडौं । सरकारले कृषिमा आधुनिकीकरण गर्दै आत्मनिर्भर बन्ने लक्ष्य लिएको भए तापनि नेपाली किसानको उत्पादन प्रबर्द्धनतर्फ ध्यान दिन सकेको छैन । स्वदेशमा नै उत्पादन हुने फलफूल तरकारी विदेशबाट खुलमखुला आयात गर्न दिँदा स्वदेशी उत्पादनले बजार मूल्य पाउन सकेको छैन । तरकारीले बजार मूल्य नपाएपछि तरकारीले भरिएका खेतबारी किसानले जोत्न थालेका छन् ।

यसैबीच अहिले भारतबाट निर्वाध रुपमा भित्रिएको गोलभेंडाका कारण नेपाली किसानले उत्पादन गरेको गोलभेडाले मूल्य पाउन सकेको छैन । सर्लाहीका गोलभँडा किसान अहिले अत्यन्तै सस्तो मूल्यमा आफ्नो उत्पादन बिक्री गर्नुपर्ने बाध्यतामा छन् । जसले गर्दा किसानको मल, बिउ, विषादी र परिश्रमको लागत मूल्य उठिरहेको छैन । भारतीय गोलभँडा खुलमखुला भित्र्याउन दिएर सरकारले किसानमारा नीति लिएको सर्लाहीका गालभेडा किसानहरु बताउँछन् ।

भारतले नेपालमा उत्पादन गरेको तरकारी उसको मुलुकमा सहज रुपमा जान दिँदैन । नेपालको पूर्वी नाका काँकडभिट्टाबाट नेपालको तरकारी केही मात्रामा पश्चिम बंगालतर्फ जाने गरेको भए तापनि त्यसरी पठाउने तरकारी बन्दाकोभीको नाममा पठाउनुपर्ने बाध्यता छ । बन्दाबाहेक अन्य तरकारी भारतले रोकेको छ । नेपालतर्फ भने भारतले सडिएका तरकारी समेत सहज रुपमा भित्र्याइरहेको छ । तरकारीका अलावा भारतीय माछा समेत नेपालको सबै ठाउँमा पुग्ने गरेको छ । ऋण लिएर माछा पालन गर्ने नेपाली किसान भारतीय माछाका कारण ठूलो नोक्सानी मोलिरहेका छन् । सरकारले किसानको हित संरक्षण गर्ने नीति नल्याएसम्म कृषिको लगानी बालुवामा पानी बन्ने निश्चित छ ।

## चिनियाँ सेना युद्ध तयारीमा

काठमाडौं । चिनियाँ राष्ट्रपति सि जिन पिङले विश्वको सबैभन्दा ठूलो सेनाको प्रभावकारी प्रशिक्षणका लागि आदेश जारी गरेका छन् । यसको उद्देश्य सशस्त्र बलको युद्धको तयारीमा सुधार गर्नु रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

माओत्सेतुङपछि चीनका सबैभन्दा शक्तिशाली नेताका रुपमा मान्यता पाएका ६५ वर्षीय सि सत्तारुढ कम्युनिस्ट पार्टी अफ चाइना (सीपीजी), सेना र राष्ट्र प्रमुख हुन् । उनले देशमा सैन्य प्रशिक्षणको रेखदेखका लागि एक प्रशिक्षण नियामअक हुनुपर्ने निर्देशनसहित उक्त आदेश दिएका हुन् ।

सरकारी समाचार एजेन्सी सिन्ह्वाले उक्त नियामक मार्च १ बाट प्रभावमा आउने जनाएको छ । यसमा जनमुक्ति सेना (पीएलए) को बाँकी ८ पेजमा

## सिभिल बैंकद्वारा बाल विकास समाजलाई एक लाख

काठमाडौं । सिभिल बैंक लिमिटेडले आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आज एक कार्यक्रमबीच बाल विकास समाजलाई रु एक लाखको चेक हस्तान्तरण गरेको छ । उक्त चेक सिभिल बैंकका चिफ बिजिनेस अफिसर सुजितकुमार शाक्यद्वारा बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकाललाई हस्तान्तरण गर्नुभएको थियो ।




देशको भविष्य युवा पुस्ताको हातमा रहेको कुरा मनन गर्दै बाल विकास समाजलाई यो सहयोग गरिएको कुरा बैंकका चिफ बिजिनेस अफिसर सुजितकुमार शाक्यले बताउनुभयो ।

सिभिल बैंकले आफ्नो स्थापनाकालदेखि नै बालबालिकाको क्षेत्रमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वको कार्यक्रम अन्तरगत पाँचखालमा संचालित 'समाज कल्याण बाल गृहका तीन अनाथ बालकहरूको कक्षा १० सम्मको सम्पूर्ण खर्च बैंकले विगत ८ वर्षदेखि ब्योहोर्दै आइरहेको छ । यस बाल विकास समाजसँग पनि बैंकले विगत ३ वर्षदेखि निरन्तर रुपमा सहयोग उपलब्ध गराउँदै आइरहेको छ ।

समय-सन्दर्भ

## नेपालको सार्वभौमसत्ता कहाँ छ ?

**युवराज गौतम**

अफ्रिकी नेताहरु यदाकदा राजनीतिक छलफल गर्न दक्षिण अफ्रिकाको राजधानी जोहानसवर्ग पुग्ने गरेको कुरा संचारमाध्यमहरुमा आउने गर्छ । 'मध्यपूर्व' समस्याको समाधान गर्न पटकपटक अमेरिकामा समेत छलफल भएको इतिहास छ । कम्बोडियाको गृहयुद्धबारे पेरिसमा पनि वार्ता भएको थियो । यस्ता घटनाहरुले कुनै पनि देशको 'आन्तरिक मामिला' भूगोलको सीमित क्षेत्रफलभन्दा बाहिर गएर छताछुल्ल हुन सक्छ भने उदाहरण मिल्छ । तर, जब सार्वभौमसत्तामै खेलवाड गर्न खोज्ने घटनाहरु दृष्टिगौचर हुन्छ, तव सबैले सतर्क हुनैपर्छ । नेपालमा देखिएको पछिल्लो राजनीतिक घटनाक्रमले यही कुरालाई संकेत गर्छ । इतिहासमै पहिलो पटक दर्जनौं विदेशीहरु नेपालमा राजनीतिक सल्लाह दिन आइरहेका छन् । नेपाली नेताहरु बारम्बार विदेश धाइरहेका छन् । यो प्रवृत्तिले नेपालको सार्वभौमसत्तालाई जिस्क्याएको अनुभूति हुनथालेको छ ।

तराईमा आन्दोलन गरेका केही नेताले काठमाडौंस्थित भारतीय दूतावासमै गएर भारतीय कुटनीतिज्ञहरुकै अभिभावकत्वमा वार्ता गरेपछि धेरैलाई त्यो कुरा चित्त बुझेन । जनतालाई 'सार्वभौमसत्ताका मालिक' भन्ने नेताहरु स-साना विषयमा पनि विदेशीलाई गुरु थापेर दीक्षा लिने गरिरहेका छन् । वि.सं. २०१६ सालतिर नेपालको मन्त्रिपरिषद्को बैठक काठमाडौंको एउटा विदेशी दूतावासमा समेत बस्ने गर्थ्यो भनेर इतिहासकार गृष्मबहादुर देवकोटाले 'नेपालको राजनीतिक दर्पण' पुस्तकमा लेखेका छन् । झन्डै पचास वर्षपछि पनि हाम्रा नेताहरु हरेक कुरामा विदेशीकै मुख ताक्छन् भने के यो नेपालीहरुको दुर्भाग्य होइन ? के स्वदेशका बारेमा आफैले निर्णय गर्ने क्षमता नेपालका नेताहरुमा छैन ?

इतिहासले निमर्म सत्य उजागर गर्छ । इतिहास भनेको घटनाहरुको बेलिविस्तार मात्र होइन, समयको रेफ्री पनि हो । नेपाली कांग्रेस र




नेपाल कम्युनिष्ट पार्टी दुवै भारतीय भूमिमा जन्मेका हुन् । बीपी कोइराला, गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराईलगायतका कतिपय नेता पनि भारतमै जन्मिए । त्यसो त भारत विभक्त हुनुअघि भारतका हालका चर्चित नेता इन्दरकुमार गुजराल, ज्योति वसु, लालकृष्ण आडवाणी आदि हालको पाकिस्तानी भूभागमा जन्मेका थिए भने पाकिस्तानका राष्ट्रपति पर्वेज मुसर्रफ भारतको दिल्लीमा जन्मेका थिए । अमेरिकी कूटनीतिज्ञ हेनरी किसिन्जरको जन्म पनि अमेरिकामा भएको होइन । उनी जर्मन मुलका हुन् । तर, राष्ट्रले जब जिम्मेवारी सुम्पिन्छ, त्यसबेला नेता र राष्ट्रसेवक सवैले आफ्नो राष्ट्रप्रति वफादार हुनैपर्दछ । आत्मनिर्णयको अधिकार समेत अरुलाई सुम्पेर विदेशीको कठपुतली वा दास बन्न हुँदैन । नेपाली जनताले चाहेको पनि यति मात्रै हो ।

हरेक मान्छे र राष्ट्रको जीवनमा संकट आउन सक्छ । सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामै संकट आएको नेपालको वर्तमान विषम परिस्थिति संभवतः नेपाली इतिहासकै अभूतपूर्व घटना हो । राष्ट्र जोगाउन भियतनामी जनताले बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाई**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**
**सम्पादन सहयोगी : गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सरकार सच्चिन आवश्यक

अहिले सरकारको एक वर्षे कार्यकालको समीक्षा विभिन्न कोणबाट भइरहेको छ । पाँच वर्षे फुल म्यान्डेट लिएर आएको जननिर्वाचित सरकारप्रति जनताका अपेक्षा थुप्रै थिए भने सरकारले आश्वासनका पोका थुप्रै बाँडेको थियो । सरकारको एक वर्षको कार्यकालले न त जनताको आशाको सम्बोधन गर्न सकेको छ न सरकारले दिएको आश्वासन नै पूरा हुन सकेका छन् । दुईतिहाई निकट सरकार मुलुकमा बन्दा जुन उत्साह जागेको थियो तर सरकारको कार्यशैली र कछुवा गतिको यात्राले उत्साहमा पानी छ्याप्ने काम गरेको छ । सरकारको एक वर्षे कार्यकालमा थुप्रै सकारात्मक काम गर्न सकिने मौका हुँदाहुँदै सरकारले खेर फालेको छ । सरकारको एक वर्षे कार्यकालले बाँकी अवधि पनि उत्साहजनक नबन्ने संकेत दिएको छ ।

विगतका वर्षहरूमा सरकारले काम गर्न नसक्दा अथवा विकासले गति नलिँदा अस्थिरतालाई जिम्मेवार बनाउने गरिएको थियो । अहिले कसैले हल्लाउन नसक्ने सरकार भएको अवस्थामा सरकारका सबै अंग झन् झन् शिथिल र निकम्मा बन्दै जानु र चौतर्फी निराशाजनक सूचकहरू देखिनुले सरकार केव खोक्रा भाषण र नारामा सीमित बनेको स्पष्ट हुन्छ । सरकारको गृह प्रशासन निर्मला पन्तको बलात्कारपछिको हत्याकाण्डले पूरै नांगिन पुगेको छ । गोविन्द केसीसँग भएका सम्झौताको उल्लंघनले सरकारको विश्वसनीयतामा गम्भीर ह्रास पैदा भएको छ ।

सरकार कर्मचारी व्यवस्थापनमा पनि नराम्रोसँग चुकेको छ । स्थानीय तहमा अझै कर्मचारीको अभाव हुनु र कर्मचारीले सरकारलाई नटेरी असहयोग गरेका कारण जनताका काम प्रभावित भएका छन् । कर्मचारीतन्त्रभित्र मौलाएको भ्रष्टाचार नियन्त्रण गर्न सरकार असफल भएको छ । निर्वाचित जनप्रतिनिधिहरू समेत भ्रष्टाचारको आहालमा डुबुल्की मारिरहेका छन् भने वाइडबडी जहाज खरिद प्रकरणको अर्बौं भ्रष्टाचारलाई ढाकछोप गर्न संसदीय समितिको छानबिनलाई पंगु बनाएर अर्को आयोग बनाउनाले सरकार संसदको लगामबाट मुक्त भएर जस्तोसुकै कदम चाल्न सक्ने अराजक शैलीको देखिएको छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायका रूपमा रहेको अख्तियारका आयुक्त आफैं घुसिया बन्न, विमानस्थलबाट सुरक्षाकर्मीको गाडीमा कुइँटेलका कुइँटेल सुन तस्करी हुनुले सरकारको धोती खुस्काउने काम गरेको छ । त्यसमाथि पनि न्यायको तराजु बोक्नेहरू समेत प्रलोभनमा परेर सुनकाण्डका अभियुक्तहरूलाई उन्मुक्ति दिने धन्दामा संलग्न हुने कार्यले मुलुकमा नांगो नाच सबैतिर निर्वाध रूपमा प्रदर्शन भइरहेको देखिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलका सुशासन मापदण्डको सूचीले समेत सरकारको गिर्दो छवि देखाइदिएको छ ।

सरकारको सफलता असफलतासँग जोडिने मूल विषयका रूपमा मुलुकको आर्थिक अवस्था आउँछ । मुलुकको आर्थिक अवस्था अत्यन्तै जर्जर बन्दै गएको संकेत शेयरबजारको गिर्दो अवस्थाले समेत प्रस्ट्याउँछ । बढ्दो व्यापारघाटा, वैदेशिक लगानीमा आएको चरम गिरावट र ठूला आयोजनाहरूको न्यून प्रगति जस्ता कुराले भविष्यमा आउन सक्ने चरम आर्थिक संकटतर्फ संकेत गर्छ । नयाँ उद्योगधन्दा खुल्न नसक्दा रोजगारी सिर्जना हुन सकेका छैनन् । भएका उद्योगधन्दा समेत चल्न नसक्ने अवस्थामा पुगेका छन् । उद्योगी, व्यवसायीहरूलाई चन्दाको धन्दाले सताउने समूहहरूलाई सरकारले नियन्त्रण गर्न नसक्दा व्यावसायिक वातावरण सिर्जना हुन सकेको छैन । विगतका वर्षहरूमा जस्तो बन्द हडतालमा कमी आए तापनि सरकारले सही दृष्टिकोण बनाउन नसक्दा लगानीकर्ताहरूमा आत्मविश्वास जाग्न सकेको छैन । प्रशासनिक झन्झट, ढिलासुस्ती जस्ता कुराले र आयोजना स्थलहरूमा हुने स्थानीय बाधा व्यवधान जस्ता कुराले विदेशी लगानीकर्ताहरू नेपालमा लगानी गर्न आकर्षित भइरहेका छैनन् ।

मुलुक संघीयतामा गएको भए तापनि संघीय अवधारणा अनुसार गति लिन सकेको छैन । केन्द्रले सबै अधिकार आफैंमा राखेकाले संघीयता वास्तविक रूपमा लागू हुन नसकेको गुनासो प्रदेश सरकारले गरिरहेको छ । प्रदेशको राजधानी र नामको टुंगो लगाउने विषय समेत भालुको कन्पट समाते जस्तो हुन थालेको अवस्था देखिनाले संघीयताको मूल मर्म र भावना विपरीत सरकार हिँड्न खोजेको आभास भइरहेको छ । बिहानीले दिनको संकेत गर्छ भनेझैँ सरकारको एक वर्षले बाँकी चार वर्षलाई देखाइदिएको छ । अब पनि सरकार सच्चिएर नजाने र प्रधानमन्त्री र मन्त्रीहरू उडन्ते भाषणमै रमाउने हो भने मुलुक थप बर्बादिको बाटोमा जाने निश्चित छ । त्यसैले सरकार विभिन्न ठाउँबाट आएका आलोचना बन्द गराउन वाक, प्रकाशन स्वतन्त्रताको घाँटी निमोठ्नेतिर लाग्नभन्दा विगतका गल्तीबाट पाठ सिकेर आलोचकका सुझावहरूलाई सकारात्मक रूपमा लिएर अघि बढ्न आवश्यक छ ।

# केलाई भन्ने क्रान्ति ?



**सुरेन्द्र ढकाल**

**प्रकृतिको छटाले भरिएको सुन्दर देश, जलवायु विविधता, विश्वका दुई प्रमुख धर्मको संगमस्थल, सगरमाथाको देश, कला संस्कृति र सभ्यताको मुहान, विश्वका सबै किसिमका जनावर, चराचुरूंगी, वनस्पती अनि जडीबुटी भएको भनी चिनिएको देश फोहोरको डुंगुरमा परिणत भयो, नदीनालाहरू रछ्यानमा परिणत भए, वायु धुलो धूँवाबाट हुने विश्वकै प्रदूषित शहरमा अमरावती कान्तिपुरी नगरीलगायत नेपालका शहरहरू पर्न गए ।**

अंग्रेजीमा परिवर्तन जनाउने दुई शब्द छन्- एक Evolution र अर्को Revolution । नेपालीमा उल्था गर्ने हो भने पहिलोलाई सुधारात्मक परिवर्तन र दोस्रोलाई आमूल परिवर्तन भन्नुपर्छ होला जस्तो लाग्छ । युरोपेली इतिहास पढ्दा बेलायतमा भएको राजनीतिक परिवर्तन Evolution मा आउँछ भने फ्रान्समा भएको गणतन्त्रात्मक क्रान्तिलाई Revolution नामाकरण गरिएको छ । नेपालमा २००७ सालदेखि आजसम्म आउँदा कसैलाई क्रान्ति, कसैलाई जनआन्दोलन अनि कसैलाई राजनीतिक परिवर्तन अनि जनयुद्ध भनिएको छ । यो जानेर भनियो वा नजानेर भनियो नामाकरण गर्नेहरुलाई नै थाहा होला । तर तात्विक रुपमा विश्लेषण गर्दा नेपालमा २००७ देखि २०६३ सालसम्म आउँदा आजसम्म Revolution हुन सकेको छैन । ती सबै Evolution मात्रै हुन भन्नुपर्छ होला । प्रमाण निम्नानुसार छन :

१) २००७ साललाई क्रान्ति भनियो तर क्रान्ति हुनुअगाडि देशको प्रधानमन्त्री जो थियो क्रान्ति सम्पन्न भएपछि पनि प्रधानमन्त्री उही मोहन शमशेर देखिए । त्यहाँ त्यतिखेर सुधारात्मक परिवर्तन भयो, क्रान्तिकारी परिवर्तन भएन, हुन्थ्यो भने फ्रान्समा सम्राट लुई १४औंसहित उनका परिवारलगायत धेरैले गिलोटिनमा काटिन परेको थियो । नेपालमा भएको ७ सालको क्रान्तिको कारण कुनै राणा परिवार काटिएनन् बल्की उनै मोहन शमशेर क्रान्तिपछिका पनि प्रधानमन्त्री बने । कोतपर्वको कारण राणामा सरेको शासकीय अधिकार क्रान्तिपछि शाह परिवारमा फिर्ता भयो । उसले अर्को ८ वर्ष देश संचालन गर्‍यो । राणा थर भएका मात्रै प्रधानमन्त्री हुने परम्परामा सुधार आई कोइराला, आचार्य, कुँवर आदि थरहरुले प्रधानमन्त्री बन्ने मौका पाए । जनताले त्यही परिवर्तन मात्रै महसुस गर्दै चित्त बुझायो ।

२) ०७ सालमा भएको परिवर्तनको कारण नेपालले भारतकै जस्तै झण्डै हुबहु संविधान पायो । त्यसले ८ वर्षपछि २०१५ सालमा मात्रै गएर संसद निर्वाचन गर्न सक्यो । निर्वाचन हुनु अर्को सुधारात्मक परिवर्तन थियो । त्यो परिवर्तनलाई स्थापित गर्न परिवर्तनकारी शक्ति भनिएको कांग्रेस, शाहवंश र भारत असफल रहे । फलस्वरुप त्यो असफलताको फाइदा शाहवंशले लियो अनि १७ सालमा आधारभूत प्रजातन्त्र भन्दै राजा महेन्द्रले पंचायत व्यवस्था शुरु गरे । त्यो पश्चगामी परिवर्तन थियो कि थिएन, सुधारात्मक परिवर्तन थियो कि थिएन नेपाली जनताले चासो लिएन । त्यसैकारण त्यो व्यवस्था झण्डै २० वर्ष टिक्यो । २०३६ सालमा पंचायतको विरुद्ध आन्दोलन शुरु हुने लक्षण देख्नासाथ तत्कालिन शाहवंशीय राजा वीरेन्द्रले पंचायत व्यवस्था राख्ने कि नराख्ने भनी एकातर्फ जनमत संग्रह गर्ने घोषणा गरे भने अर्कोतर्फ जनमत संग्रहमा जसले जिते पनि भोलि हुने व्यवस्थामा जनताले आफ्नो प्रतिनिधि वयष्क मताधिकार अन्तर्गत छान्न पाउने, यसरी छानिएको संसदले प्रधानमन्त्रीको निर्वाचन गर्ने र यस्तो प्रधानमन्त्री संसदप्रति जिम्मेवार हुने व्यवस्था गरिने बताइयो । यही कारण अथवा धाँधली गरेर हो जनमत संग्रहमा पंचायत व्यवस्थाले नै जित्यो र त्यही पंचायती संविधानलाई संसोधन गरी माथि भनिएका ३ बुँदाहरु थपियो । यो सुधारात्मक परिवर्तन थियो वा क्रान्ति जनताले चासो लिएन । जे पायो त्यहीमा चित्त बुझायो किनकी ०७ सालदेखि ३६ सालसम्म आउँदा जनताको जनजीविकामा कुनै तात्विक फरक आएको थिएन ।

३) जनताले आफ्नो प्रतिनिधि आफैं प्रत्यक्ष छान्ने, यसरी छानिएका प्रतिनिधिहरुले संसद गठन गर्ने अनि उनीहरुको बहुमतले प्रधानमन्त्री छान्ने अनि त्यो प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुने कुराले मात्रै प्रजातन्त्र हुँदैन, प्रजातन्त्र हुन त बहुदलिय व्यवस्था नै चाहिन्छ भन्दै फेरि आन्दोलन चर्कियो । सुधारिएको पंचायत एक दशकमै ढल्यो । राजा वीरेन्द्रले घोषणा गरी बहुदलिय व्यवस्था स्थापना गरे । उनैले मनोनित गरेको आयोगले नयाँ बहुदलिय संविधान बनायो । नयाँ व्यवस्थालाई संबैधानिक राजतन्त्रात्मक व्यवस्था भनियो । परिवर्तन यति भयो कि निरंकुश राजतन्त्रको नाम मात्रै बदलियो । व्यवहार बदलिएन । यता निरंकुश व्यवस्था परिवर्तन भई बहुदलिय व्यवस्था स्थापना हुँदा नेताहरुको मानसिकता र व्यवहारमा प्रजातन्त्र देखिएन । जनताको जनजीविकामा फेरि पनि तात्विक परिवर्तन नआएपछि अब नेताहरुले त्यसको दोष राजतन्त्रमाथि थोपरे । केही समूहहरु राजतन्त्रको विरुद्धमा सडकमा उत्रिए । एक समूह जनयुद्ध भन्दै जंगलतर्फ लाग्दा १७ औं हजार मानिसको बलिदानी अनि १७ औं खरबका भौतिक संरचना नष्ट भई देश राजतन्त्रबाट गणतन्त्रमा परिवर्तन भयो । फेरि पनि जनताको जनजीविकामा कुनै परिवर्तन भएन । अब त कसैलाई दोष लगाउने ठाउँ पनि रहेन । अगाडि जानुपर्ने बाटो पनि रहेन । २००७ सालदेखि ६३ सालसम्मका क्रान्तिको नाममा घटेका घटनाले देशलाई कहाँ पुर्‍यायो त भन्दा जवाफ निम्नानुसार आयो ।

१) १ लाख ४७ हजार चानचुनको नेपाली भूमि खुम्चिएर १ लाख २७ हजारमा झर्‍यो ।

२) लाख र करोडमा हुने भ्रष्टाचार अरबमा उक्लियो ।

३) हिजो एक राजवंश र राजघराना थियो आज दलैपिच्छे नयाँ राजघरानाको विकास भयो । नेताहरु नवधनाढ्य र सम्भ्रान्त बन्न पुगे ।

४) सरसुविधाको दृष्टिकोणले हिजोको राजघरानाले उपभोग गरेको सुविधालाई गणतान्त्रिक नेताहरुले उपभोग गर्ने सुविधाले उछिन्यो । उनीहरुको अनुहार रातो चिल्लो अनि पिरो बन्न गयो ।

५) नेपाल संसारको १० कंगाल, १० भ्रष्ट, घरेलु हिंसा, बालबालिकाको दुरुपयोग अनि बलात्कार गर्ने अग्रिम राष्ट्रमा दर्जियो ।

५) हिजोका जनप्रतिनिधिहरु बिनाभत्ता काम गर्थे आजका वडादेखि लिएर संघीय संसदका प्रतिनिधिहरुले तलव भत्ता, सरसुविधा मनग्गे पाउने भए । साधारण खर्च बढ्यो, विकास खर्च क्रमशः शून्यतर्फ झर्न थाल्यो ।


६) करिब १२ लाख युवायुवतीहरुलाई रोजगार दिएको गलैंचा उद्योग क्रमशः अवसानतर्फ गयो । कमिसनको नाममा मित्र राष्ट्रहरुले बनाइदिएका उद्योग कलकारखानाहरु कौडीको मूल्यमा बिक्री भए । देश बेरोजगारमय बन्यो । परिवर्तनकारी युवायुवतीहरु बाँच्ने बाध्यताको कारण फोहोरी, कठिन र खतरनाक काम गर्न विदेशीय । विदेशिएका यस्ता जनसंख्याको ठूलो भागले कमाइ हुण्डी गरी पठाएको विदेशी मुद्रा खर्च गरी गरेको आयातबाट देश चल्न जाँदा नेपाल संसारकै ठूलो ब्यपारघाटा भएको देशमा गनियो ।

७) प्रकृतिको छटाले भरिएको सुन्दर देश, जलवायु विविधता, विश्वका दुई प्रमुख धर्मको संगमस्थल, सगरमाथाको देश, कला संस्कृति र सभ्यताको मुहान, विश्वका सबै किसिमका जनावर, चराचुरुंगी, वनस्पती अनि जडीबुटी भएको भनी चिनिएको देश फोहोरको डुंगुरमा परिणत भयो, नदीनालाहरु रछ्यानमा परिणत भए, वायु धुलो धूँवाबाट हुने विश्वकै प्रदूषित शहरमा अमरावती कान्तिपुरी नगरीलगायत नेपालका शहरहरु पर्न गए । विकासको नाममा गरिएको वातावरणीय विनाशको कारण अमूल्य वन्यजन्तुहरुले आफ्नो वासस्थान गुमाउँदै लोप हुन पुग्ने स्थिति आयो ।

८) शिक्षा, स्वास्थ्य, यातायात संचार, खानेपानी, ढल निकास जनसुरक्षा, खाद्यसुरक्षा जस्ता अत्यावश्यकीय सेवाहरुको निजीकरण हुँदै जाँदा देश हुने-खानेको लागि स्वर्ग र हुँदा खानेका लागि नर्कमा परिणत भयो ।

कसले भन्छ नेपालमा क्रान्ति भएन भनेर, कसले भन्छ नेपालमा समृद्धि छैन भनेर ? फरक यति हो चीनमा क्रान्ति हुँदा त्यसले चीनलाई विश्व आर्थिक र सामरिक शक्ति बनायो तर नेपालमा क्रान्ति हुँदा यसले नेपाललाई क्रमशः झन कंगाल, कुरुप, भ्रष्ट अनि असफल राष्ट्र बनाउँदै लग्यो । जनता चाउरिँदै गए, देश छोडी भाग्न बाध्य भए । हरेक वर्ष आउने फागुन ७ ले दिने सन्देश पनि यही नै हो ।

# प्रसंग नारीको हित सबैको (५)



**जगदीश लामिछाने**
रौतहट, पौराई

**पशु तथा पक्षी नारी जातिमै पनि प्रकृतिले थप भार दिएको देखियो । मानव नारीले आफ्नै मेहनतले पनि तथा समाजकै सहयोग आफैंलाई जुटाएकै हो भन्ने कुरा पनि प्रस्ट नै छ । यसैले आफूलाई अवसर कति र जोखिम कति छ भनी प्रत्येक मानवले होस गर्नैपर्छ । यसमा नारीकै पनि कर्तव्य नै छ । तैपनि कतैबाट अन्याय भइहाल्यो भने त्यस्तो जहाँकहीँको अन्याय निराकरणको कोसिस त गर्नैपर्छ ।**

भारत र अमेरिकामा परराष्ट्र मन्त्री पनि नारी भएकै छन् । अरब क्षेत्रको इजरायलमा प्रधानमन्त्री गोल्डामायर भएकै थिइन्, संवैधानिक राष्ट्र पनि नेपाल आदि धेरै देशमा महिला भएकै छन् । अन्य क्षेत्रमा पनि एकांगी भएर लागिरहने महिला धेरै छन् । नारी स्वभावतः संवेदनशील हुनाले 'नारीको स्वभाव पुरुषले लियो भने महात्मा हुन्छ, नारीले पुरुषको स्वभाव लिइन् भने राम्रो हुँदैन' भन्ने अमर वाणी नै छ । यसैले त यथार्थमा नै पनि नारी बुद्धिशील र इलमशील नै छन् । सबैले मानव समाजरुपी रथका दुई पांग्रा नारी पुरुष मानेकै छन् ।

जसको पनि गुण र अवगुण दुवै हुने नै हुनाले नेपाली इतिहासमा जंगबहादुरको उत्पत्ति, राजा जयप्रकाशको दुःख र पौराणिक नारी पीडा उनीहरुकै अकार्थ हटेकै कारण हो भनी पूर्व अंकहरुमै लेखियो । यसैले आफ्नो उपलब्ध शिक्षा र अनुभवले खारिएर हुनेसम्म शील स्वभावको उन्नति नै गर्नुपर्छ । शीलको र बुद्धिको क्षति हुन दिनु हुँदैन । आर्थिक हानितर्फ पनि सचेत रही अर्थोपार्जनका दुःखतर्फ याद गर्ने गर्नुपर्छ । यस्तै जैविक पवित्रता संरक्षण गर्दा आफ्नै कल्याण हुने हो, त्यो ख्याल अरु बढी गर्नैपर्छ । एकोहोरो आफ्नै हट र स्वार्थभन्दा सामाजिक हित र स्वार्थको ख्याल गर्नु राम्रो हो । यी कुरामा शिक्षाले खारिएका विदुषीहरुले नै मनन गर्नैपर्छ ।



भर्खरै ४ फागुन २०७५ मा कान्तिपुर दैनिकका बहस शीर्षक दिएर सावित्री गौतमले (त्यसअघि पनि उहाँकै यस्तै) सीमा आभासको कर्तव्यनिष्ठ स्वभाव उल्लेख गर्दै २ वर्ष तथा ६ वर्षका छोरालाई स्तनपान गराउने र पतिलाई सहयोग गरेको उदाहरण दिँदै आफ्ना पनि त्यस्तै बाध्यता भएकाले बढी सुविधा छैन तर पनि भोलि छोरी सक्षम हुन भन्ने नेतृत्व गरुँ कि भन्ने आश यही छ भन्नुभएकाले उहाँको उत्साह स्तुत्य नै छ । प्रत्येक सिद्धान्तको सफलतामा अझै शान्त भएर विचार गर्नु श्रेय हुन्छ ।

पशु तथा पक्षी नारी जातिमै पनि प्रकृतिले थप भार दिएको देखियो । मानव नारीले आफ्नै मेहनतले पनि तथा समाजकै सहयोग आफैंलाई जुटाएकै हो भन्ने कुरा पनि प्रस्ट नै छ । यसैले आफूलाई अवसर कति र जोखिम कति छ भनी प्रत्येक मानवले होस गर्नैपर्छ । यसमा नारीकै पनि कर्तव्य नै छ । तैपनि कतैबाट अन्याय भइहाल्यो भने त्यस्तो जहाँकहीँको अन्याय निराकरणको कोसिस त गर्नैपर्छ । यस अवस्थामा आफ्नै बालबच्चाको असक्त अवस्थामा तिनीहरुमाथि कर्तव्यच्युत हुनु प्रकृतिले नै अनुमति दिँदैन किनभने अति दुःख गरेरै पनि पशुपक्षीहरुका नारी जगत कर्तव्यनिष्ठ नै छन् र पो उनीहरुको वंश विनाश संसारमा हुन पाएको छैन । यसै कुरामा मानव नारीले अझै सक्षम हुन शिक्षा र स्वास्थ्यको सम्पूर्ण प्रारम्भिक नेतृत्व आफैंले लिनैपर्ने दिन आएका छन् । यसरी उत्तम शिक्षा दिन नसक्नाले त्यो पनि सानै बालख अवस्थामा छल र ढाँटमय शिक्षाकै प्रभावले विज्ञानको अणुबमले झैँ यो विश्वको मानव सम्पदाले दुःख पाउनु त छँदैछ । यो मानव सम्पदा नै नाश होला कि भन्ने भयावह डर पैदा भएकोमा होस गर्नै परेको छ ।

अहिले भर्खरै स्वास्थ्य क्षेत्रमा सरकार आफैंले गरेको सम्झौता विपरीत डा. गोविन्द केसीको पन्ध्रौं अनशनमा पनि बलजफ्ती स्वास्थ्यहित विपरीत ऐन पास गराइयो । उता छोराको मृत्युमा अदालतमा विचाराधीन मुद्दामा उचित न्याय नहुँदै गोर्खाकै प्रधानमन्त्रीका पालामा नन्दप्रसादको अस्पतालमै ज्यान गयो । अन्तर्राष्ट्रिय न्याय सेवा गुहार्न विदेश जाने अनुमति भर्खरै आमा गंगामायाले बनाइसकेकी छन् । ती गंगामाया स्तुत्य नै छन् ।

मानव जातिलाई प्राप्त हुने शिक्षा नै यस्तो महत्वपूर्ण हो जसले मानवलाई दानव हुनबाट रोक्ने ज्ञान बालखै अवस्थामा दिनु अनिवार्य छ । त्यस्तै भइदिएको भए विश्वमै शान्ति हुने थियो । नेपालले त यो गर्नैपर्छ अनि प्रेमी मानवको बाल्यावस्थामै उचित काम गर्ने जाँगर पलाउँछ भन्ने आफ्नै वैदिश आर्य मान्यता हो । यो हाम्रै नेपाल संस्कृत विश्वविद्यालयले नै गर्न सक्छ । त्यो नगर्नु त्यो विश्वविद्यालयको पनि दोष हो आदि कुरामा नारी नेतृत्व प्राथमिक शिक्षामै मागिएको समेत २०७४ फागुन २५ चैत २ गतेको यसै स्तम्भमा २०७५ जेठ ८ तथा कात्तिक २ गते चार पटक लेखिएकै छ । आफ्नै र अन्तर्राष्ट्रिय कूरीति हटाउन पनि आफ्नै वैदिक हिमवत आर्य संस्कृति सक्षम छ भन्ने बुझ्न ढिला भइसकेको छ ।

अहिले आफ्नो क्षमताले नभ्याउने वैदेशिक रोजगारीमा नेपाली नारी पलायन र उनीहरुकै विज्ञापनमय हुने चाहनामा उचित उपचार गर्न पनि नारीकै बाल शिक्षा नेतृत्व नै समर्थ हुने नै छ । यसै कुरामा पनि नारी हित अन्तरनिहित भएको हामीले भुल्नु हुँदैन । संस्कृतकै विद्वानहरुकै पनि केही विकृति छन् । धर्मान्धता पनि हटाउन नारी आफैं सक्षम छन् र विश्व अझै सुसंस्कृत हुने नै छ । क्षेत्र क्षेत्रका शिक्षित विदुषी प्रत्येक नारीले आफ्नै मात्र सजिलो नहेरी समाज हित र मानवताको संरक्षणमुखी सोच किन पर्‍यो अनि आहत हैन राहत नै सबैलाई प्राप्त हुने नै छ । यसैले प्रसंग नारीको हित सबैको भन्नै परेको हो ।

# मैले देखेको चौरासिऔं विश्व सम्पदा:
# बोपार्डको ऐतिहासिक शहर र लोरेलेई

सुरेन्द्र ढकाल


बोपार्डको उत्खनन भएको पुरातात्विक स्थल


बोपार्ड नगरको मुटु यस्तो देखिन्छ



बोपार्डको किल्लासहितको दरबार


बोपार्डमा रहेको रोमन किल्ला


एउटै राइन नदी घुमेको कारण देखिने चारवटा तालको काल्पनिक दृश्य


बोपार्ड नगरमा उनका बुबाआमाका साथ गेरहार्ड


गेरहार्डको परिवारसँग ब्रेकफास्ट लिँदै सुरेन्द्र सन् १९८९ अगस्तमा



लोरेलेईको गीत लेखिएको पोस्टकार्ड


बोपार्ड नगरमा सुरेन्द्र सन् १९८९ मा


राइन नदी साँघुरो भएर बगेको स्थल लोरेलेई



सहरको केन्द्रमा काठको फ्रेमबाट बनेका सुन्दर मध्यकालीन घरहरू

ट्रिअरको पोर्टा निग्रा र क्याथेड्रल अवलोकन गरिसक्दा दिनको झन्डै ३ बजेको थियो । तत्पश्चात् अब घरमै गएर आराम गर्ने कुरा गेरहार्डले गरेपछि मैले पनि स्वीकृति जनाएँ र हामी विस्तारै उसको घरतर्फ लाग्यौं । घर पुग्दा बेलुकाको छ बजेको थियो । घरमा नेपालदेखि आएको छोराको साथी पाहुना पाएर उसका बाबुआमा पनि खुसी थिए । घरपुग्ने बित्तिकै हामी हरियो घाँसमाथि राखिएको टेवलको वरिपरि बस्यौं र कफि खाँदै गफ गर्‍यौं । उनीहरुले मलाई मेरो आमाबुबाको बारेमा सोधे । मैले मेरो बुबा उत्तरी ध्रुव प्रदेश पुग्ने पहिलो नेपाली र आमा प्राथमिक शिक्षाको शिक्षण प्रशिक्षण लिने पहिलो समूहको महिला र उनैले मलाई ३ कक्षासम्म घरमै पढाइ एकै पटक ६ वर्षको उमेरमा ४ कक्षामा भर्ना गरेको कुरा सुनाउँदा उनीहरु अचम्म भए । तत्पश्चात करिब ९ बजेतिर चिज, पाउरोटी र जुस खाएर हामी आआफ्नो कोठामा लाग्यौं । भोलिपल्ट बिहान आठ बज्दा हामी सबै ब्रेकफास्ट टेवलमा जम्मा भएका थियौं । ब्रेकफास्टपश्चात् गेरहार्डले त्यो दिन ऐतिहासिक बोपार्ड शहर र त्यहाँको दरबार सहितको किल्ला अवलोकन गर्ने अनि राइन नदी ज्यादै साघुँरो गल्छी भएर बग्ने ठाउँ लोरेलेइ गएर सानो पानी जहाज चढ्ने र उसका बाबुआमा पनि सँगै जाने कुरा बताउँदा मलाई आनन्द लाग्यो । करिब साढे नौ बजेतिर लाग्यौं हामी चारैजना बोपार्ड सहरको मुटुतर्फ ।

**बोपार्ड शहर**

यो एउटा ऐतिहासिक तर राइन नदीको किनारस्थित ९ वटा गाउँ मिलाएर बनाइएको सानो नगरपालिका रहेछ । यसै ठाउँमा राइन नदी ज्यादै साँघुरो गल्छी भएर बग्ने हुँदा यो ठाउँ जर्मनीमात्रै नभै पुरै युरोपको पर्यटन आकर्षणको केन्द्र रहेछ । यसलाई जर्मन सरकारले मान्यता दिएको टुरिष्ट रिसोर्ट रहेछ । यो १७ किलोमिटर लामो साँघुरो गल्छी भएको ठाउँलाई लोरेलेइ भन्दो रहेछ र यही गल्छी उल्लेख भएको गीत पुरै जर्मनभरी लोकप्रिय रहेछ । राइन नदी यस ठाउँमा आइपुग्दा पुरै घुमेको रहेछ । यसैको कारण माथिबाट हेर्दा ससाना थुम्काहरुले छेकेको कारण खण्डित रुपमा तालहरुको समूह जस्तो देखिने कारण बोपार्डको थुम्कोलाई चार ताल दृश्यावलोकनस्थल पनि भनिदो रहेछ । अर्को कुरा राइन नदीको किनार भएको कारण जुन महिनादेखि नै यहाँ प्रचण्ड गर्मी हुनाले यहाँ व्यापक रुपमा अँगुरको खेती गरिने रहेछ । यहाँ भएको पुरातात्विक उत्खननबाट प्राप्तअनुसार १३ हजार वर्ष अगाडि नै यहाँ फेडरमेसर संस्कृति हावी भएको र व्यापारिक वस्तुहरु भण्डारण गर्ने खुला गोदाम भएका चोकहरु भएको प्रमाणित भएको रहेछ । रोमनकालमा बोपार्डलाई रोमन सम्राट जुलियस सिजरले आफ्नो साम्राज्यमा गाभी राइन नदीको देब्रे किनारमा बस्ती बसाएका रहेछन् । पछि तेस्रो शताब्दितिर आएर व्यापारको वृद्धिसँगै नदीको दाहिनेतर्फ पनि बस्ती बस्न शुरु भएको रहेछ । बोपार्ड त्यतिखेर रोमन साम्राज्यको सीमामा रहेको हुँदा जर्मानिकहरुको आक्रमणलाई निस्तेज पार्ने उद्देश्यले यहाँ दरबारसहित किल्ला पनि बनाइएको रहेछ । पछि सन् ४०५ को अन्त्यतिर गएर रोमन साम्राज्य राजधानीको सुरक्षा भन्दै यहाँ भएका रोमन सैनिक रोम फिर्ता बोलाइएको रहेछ । पछि सन् ६४३ मा बोपार्ड मेरोभिन्ज्यान वंशको प्रशासनिक केन्द्र बन्न पुगेको रहेछ । तत्पश्चात् बोपार्ड सधैं जर्मन साम्राज्यको अधिनमा रहेको सन् १३०९ सम्म जर्मन सम्राटहरु यस ठाउँमा मनोरञ्जन गर्न, विदा मनाउन र राइन नदीमा नौका विहार गर्न आउँदा रहेछन् । त्यसको लागि उनीहरुले त्यहाँ आफ्नै निवास पनि बनाएका रहेछन् । बोपार्डको अर्को सुन्दरता भनेको काठको फ्रेममा बनाइएको धेरै सुन्दर घरहरु रहेछन । शहरको केन्द्र पुरै यस्ता मध्यकालिन घरहरुले सजिएका रहेछन् । यी घरहरुमा त्यतिखेर मन्त्रीका कार्यालयहरु संचालन भएका रहेछन् । रोमनहरुले छोडेर गए पनि सन् १३१२ तिर तत्कालिन रोमन सम्राट हेनरी सातौंले बोपार्ड आफ्ना भाइ लक्जेमवर्गका वाल्डभिनलाई सुम्पेको कारण बोपार्डका जनता क्रोधित भई रोम साम्राज्यको विरुद्ध संघर्ष शुरु गरी सन् १३२७ मा बोपार्डमा आफ्नै स्वायत्त शासन शुरु गरेछन् । यस कार्यलाई आर्कविशप वाल्डभिनले सहज नलिई बोपार्डमाथि आक्रमण गरी फेरि आफ्नै नियन्त्रणमा लिएपछि यहाँको शासन ट्रिअरको एलेक्ट्रोरेट अन्तर्गत गएको रहेछ । त्यही मौका वाल्डभिनले यहाँ किल्लासहितको दरबार (क्यासल) बनाउन लगाएका रहेछन् । बोपार्डका जनता र विदेशी शासकबीच भएको बैमनश्यताको कारण फेरि सन् १४९७ मा युद्ध हुन गएको रहेछ । बोपार्डका जनताले युद्ध थेग्न नसक्दा उनीहरुको हार भएपछि रोमन साम्राज्यले यहाँ १२ हजार सैनिक स्थायी रुपमा नै तैनाथ गर्न थालेछ । पछि ३० वर्षपछि सन १६३२ मा बोपार्ड ओट्टो लुडभिगको शासन अन्तर्गत गएको तर पौलैण्डका राजवंशको कलहको कारण भएको युद्धमा फ्रेन्च सैनिकहरुले जित हात पारेपछि बोपार्ड फ्रान्सको अधिनमा, अनि फेरि पछि अष्ट्रिया वभेरियाको संयुक्त शासनको अधिनमा पुगेछ । पछि प्रसियन राजवंश चान्सेलर विस्मार्कको अगुवाइमा जर्मनीको एकिकरण शुरु गरेपछि बोपार्ड स्थायी रुपमा जर्मनीको अधिनमा रहँदै आएको रहेछ । सन् १९८९ को अगष्टमा बोपार्ड घुमेपछि फेरि सन् २००६ तिर रोटरी क्लब डिल्लीबजारको प्रतिनिधिमण्डल लिएर म त्यहाँ गई नौका विहार गर्ने अवसर फेरि परेको थियो जुन कुराले मेरो मष्तिष्कमा अमिट छाप छोडेको छ ।

# दार्जिलिङबाट मलाई सूर्यबहादुरको बोलावट




■ शम्भुराम श्रेष्ठ

सन् १९४२ को कुरा हो । भारतमा अंग्रेज साम्राज्यवादविरुद्ध 'भारत छोड आन्दोलन' सुरु हुनै लागेको थियो । ठीक त्यही बेला सूर्यबहादुर भारद्वाजले दार्जिलिङबाट मलाई 'यहाँ एउटा जरुरी काम पऱ्यो । तपाईं २-३ दिनभित्रै यहाँ आइपुग्नु पऱ्यो' भनी पत्र पठाए । मैले त्यो पत्र हाम्रो पार्टीको अर्थात् नेपाल प्रजातन्त्र संघको कमिटीमा बुझाइदिएँ । सबै कमिटी सदस्य साथीहरुले एकै मुखले 'त्यस्तो खासै जरुरी काम नपरिकन सूर्यबहादुरले तपाईंलाई यसरी जरुरी पत्र लेखेर कदापि बोलाउँदैनन् । त्यसकारण तपाईंले २-३ दिनमै जानुपर्छ जनोस् ।' भन्न थाले । तर हाम्रो पार्टीको त्यस बेलाको आर्थिक अवस्था कति नाजुक थियो भन्ने बारेमा मैले धिलाचो चढाइ गर्दाखेरिको पैसाको अभावले रसदपानी बिना जानुपर्दा भोगेका दुःखकष्टबारे उल्लेख गरिसकेको थिएँ । सम्भवतः त्यही नै कारणले पनि हुन सक्छ जसले जहाँ जानु परे पनि, जे गर्नु परे पनि उसैले खर्च बेहोर्नु पर्ने चलन जस्तै पार्टीमा चलिरहेको थियो । त्यसैले पार्टीकै काम विशेषले दार्जिलिङ जानु परेको भए तापनि त्यसको लागि आवश्यक सबै खर्चको व्यवस्था मैले गर्नु परेको थियो । मसँग पैसा थिएन । एउटा साइकल थियो । त्यसैलाई बेचेर आएको पैसा लिई म सूर्यबहादुरको चिठी पाएको २-३ दिनभित्रै दार्जिलिङतर्फ लागें ।

रक्सौल रेल्वे स्टेसन पुगेपछि मात्र मलाई थाहा भयो- हिजोदेखि मात्र 'भारत छोड आन्दोलन' सुरु भएको रहेछ । रक्सौल रेल्वे स्टेसनको दृश्य देखेर म छक्क परेँ । त्यस्तो दृश्य मैले पहिले कहिल्यै देखेको थिइन । रेल्वे स्टेसन पूरै तोडफोड गरिएको, तहसनहस भएको, स्टेसन बिल्डिङ प्रायः सबै नै आगलागीले भत्किएको तथा धुवाँले एकदमै कालो भएको र रेल्वे प्लेटफर्म आगो लगाइएकाले भुइँचालोमा जमिन फाटिए जस्तै चिरिएको थियो । स्टेसन बिल्डिङको एउटा सानो कोठामा स्टेसन मास्टरले आफ्नो अफिस सञ्चालन गरिरहेको थियो र त्यही कोठाकै एउटा कुनामा टिकट बेच्ने मान्छेले टिकट बेच्ने काम गरिरहेको थियो । मैले सिलिगुढीसम्मको टिकट दिनोस् भन्दा सेल्सम्यानले यहाँसम्मको टिकट त काटिदिन्छु तर तपाईं त्यहाँसम्म पुग्नु हुन्छ वा हुन्न र पुगिहाल्नु हुन्छ भने पनि कहिलेसम्म पुग्नुहुन्छ त्यो म भन्न सक्दिनँ भनी भन्यो । मैले सिलिगुढीसम्मकै टिकट लिएँ र सेल्सम्यानसँग पूर्व जाने ट्रेन कति बेला आउँछ भनी सोधेँ । उसले भन्यो- 'नियमानुसार त एक डेढ घण्टामै पूर्व जाने ट्रेन यहाँ आइपुग्नुपर्छ तर त्यतिबेलासम्म आइहाल्छ भनेर ठोकेर भन्न सकिन्न ।' गोरा सिपाहीहरु राइफल लिएर स्टेसनको बाहिर भित्र गरिरहेका थिए । ३-४ जना मानिसहरु जम्मा भएर कुरा गरिरहेको देख्ने बित्तिकै राइफल सोझ्याउँदै त्यहाँ पुगिहाल्थे र हप्काइ दप्काइ मात्र गरेर जान्थे । कहिले ती कुरा गरिरहेका मानिसहरुलाई राइफलका बुटले चुट्ने गर्थे । स्थिति एकदमै डरलाग्दो थियो । तीन घन्टा जति पछि पूर्व जाने ट्रेन स्टेसनमा आइपुग्यो र म पनि चढिहालेँ । ट्रेन दुई स्टेसन जति के गएको थियो बीच बाटोमा रोकियो । त्यसरी किन रोकिएको होला भनी हेर्न र बुझ्नका लागि यात्रुहरु ट्रेनबाट ओर्लिए । १५-२० हात जति लामो रेलको लिक ओछ्याइएको पुल नै पूरै भाँचिएर तल खसेको रहेछ । पुलमुनि त्यति गहिरो पानी नभएकाले हामीहरु त्यो सानो खोल्सा तरेर पारी पुग्यौं । स्टेसनसम्म हिँडेर गयौं । स्टेसन पुगेपछि पूर्वबाट आउने ट्रेन पर्खेर बस्यौं, ४-५ घण्टापछि पूर्वबाट आउने ट्रेन आइपुग्यो । त्यही ट्रेन हामीहरुलाई लिएर फर्कियो । सामान्य स्थितिमा रक्सौलबाट १७ घण्टा जतिमा दार्जिलिङ पुगिन्थ्यो । म ९ दिनपछि मात्र दार्जिलिङ पुग्न सकेँ त्यो पनि धन्य । रक्सौलदेखि सिलिगुढीसम्म जतिवटा रेल्वे स्टेसनहरु थिए, तीमध्ये सबका सब नै तोडफोड गरिएको र आगो लगाइएका थिए । तोडफोड नगरिएको, आगो नलगाइएको मैले देखेको एउटै मात्रै स्टेशन थियो सिलिगुढी स्टेसन । सिलिगुढी स्टेसनदेखि दार्जिलिङसम्म उकालो लाग्ने सानो रेल चढेदेखि नै मेरो नौ दिनको कष्टकर सफर र थकान सबै नै खत्तम भयो । बेलुकाको ५ बजेतिर म दार्जिलिङ पुगेँ र मेकान्जी रोडस्थित मेरै जात र जातिकै अर्थात् उच्च वर्गको श्रेष्ठ परिवारको घर गएँ, जहाँ सूर्यबहादुर भारद्वाज बसेका थिए र त्यही घरमा भारद्वाजसँगै पू.वा.नेवा (अर्थात् पूर्णबहादुर नेवा) जसले पछि नेवाको सट्टा मानव लेख्ने गरेका थिए । उनको बारेमा सूर्यबहादुरले मलाई केही पनि लेखेका थिएनन् । केही बेर सञ्चो बिसञ्चोबारे कुराकानी भएपछि मैले सूर्यबहादुरसँग कामको कुरा सुरु गरेँ । मैले सूर्यबहादुरसँग सोधेँ- 'के जरुरी काम छ भनेर मलाई बोलाउनुभएको ?' त्यसबारे उनले कुनै जवाफ दिएनन् र पू.वा.नेवाको मुख मात्र ताकिरहे । उनले पनि केही भनेनन् । त्यो दिन त्यत्तिकै बित्यो । भातसात खाएर हामीहरु सुतिहाल्यौं । सूर्यबहादुर र म घुम्न गयौं । बाटोमा पनि उनले केही भनेनन् । मलाई आश्चर्य लाग्यो र उनको मुख मात्र ताकिरहेँ । उनले पनि केही भनेनन् । मलाई आश्चर्य लाग्यो । 'यहाँ एउटा जरुरी काम परेको छ, तुरुन्तै तपाईंले यहाँ आउनुपऱ्यो' भनेर जरुरी चिठी लेखी पठाउने मान्छेले त्यहाँ पुगेपछि मलाई केही नभन्नु स्वयं नै अनौठो र आश्चर्य लाग्ने कुरा हो ।

म दार्जिलिङ पुगेको पनि ५-६ दिन भइसक्यो । तर त्यतिञ्जेल पनि सूर्यबहादुरले कुन राजनीतिक कामले मलाई त्यहाँ बोलाइएको हो, त्यसबारे केही पनि कुरा गरेनन् । हामी बसेको घरको मालिक त्यहाँको एक गनिएको धनाढ्य थिए, जसको एक श्रीमती र बिहे गर्ने उमेरकी एउटी छोरी मात्र थिइन् । सूर्यबहादुर र पू.वा.मानवले पटक पटक दोहोऱ्याई तेहऱ्याई तिनै बिहे गर्ने उमेरकी केटीको सुन्दरता राम्रो स्वभाव र चालचलनका बारेमा मात्र कुरा गरिरहन्थे, जसको मतलब त्यस बेलामा पनि बुझ्न सकिन अहिले पनि बुझिरहेको छैन । 'अत्यन्तै जरुरी काम आइपरेकाले मलाई तुरुन्त दार्जिलिङ आउनुहोला' भनी बोलाइ पठाउनु तर त्यहाँ त्यस्तो कुनै जरुरी काम नहुनु अति नै दुःखलाग्दो कुरा हो साथै सूर्यबहादुर भारद्वाज जस्तो जिम्मेवार व्यक्तिको बिल्कुलै गैरजिम्मेवारी हो । उनको यो रवैया, गैरजिम्मेवारीपना र गम्भीरताको कमी देखेर मलाई रिसै पनि उठ्यो तर मैले केही भनिन् । ३-४ दिन बसेर सूर्यबहादुर घर फर्किए । म फर्किन र दार्जिलिङका क्रान्तिकारी युवकहरुसँग सम्पर्क गरी उनीहरुसँग मित्रता बढाउनेपट्टि लागेँ । यसै क्रममा त्यहाँ मैले थुप्रै साथीहरु बनाएँ, जसमध्ये मेरो सबैभन्दा घनिष्ठ सम्बन्ध डीबी परियारसँग भयो । केही दिनपछि उनीहरुकै माध्यमले मेरो भारतीय कम्युनिस्ट पार्टीका संगठनकर्ताको रुपमा दार्जिलिङमा कार्यरत का.सुशील च्याटर्जीसँग सम्पर्क भयो, जो मलाई कम्युनिस्ट क्रान्तिकारीको रुपमा विकसित हुनमा ठूलो सहायक र महत्वको हुन गयो । उनीसँग भेट हुनुभन्दा अगाडि म भावनात्मक रुपले मात्र कम्युनिस्ट थिएँ । यस हिसाबले दार्जिलिङ गएको मेरो लागि एकदमै सार्थक सिद्ध भयो ।

एउटा साइकल बेचेर आएको पैसाले कति दिन काम चल्थ्यो । पैसा सकियो । मसँग एक तोला सुनको औंठी थियो र त्यसैलाई बेचेर केही दिन काम चलाएँ । त्यो पनि सकिएपछि दार्जिलिङ पुगेदेखि बिहान र साँझ खाना खाने गरेको एउटा तामाङ बूढाको रेस्टुराँमा उधारो खाना खान थालेँ । सय रुपैयाँभन्दा बढी उधारो परिसक्यो, तर पनि त्यो तामाङ बूढाले पैसा मागेन र 'तपाईंसँग भएपछि तिरे हुन्छ' भनी भन्थ्यो मात्र, त्यो पनि मैले कुरा उठाउँदा खेरि मात्र । जे होस्, त्यसरी काम नचल्ने देखेपछि मैले घरमा पैसा मागिपठाएँ । त्यसको ७-८ दिनपछि घरबाट मेरो बाको चिठी र पैसा लिएर झापाको नक्सलबन्डा (जो भारतको नक्सलबारी रेल्वे स्टेसनको ठीक अपोजिट साइडको मेची नदीको पश्चिमी किनारमा पर्छ) स्थित जिल्ला वन कार्यालयका हाकिम खरदार प्रचण्डमान श्रेष्ठ (मेरो ठूलो बाको छोरा, दाइ) मेकान्जी रोडस्थित म बसेका घरमा टुप्लुक्क आइपुग्नुभयो । त्यसको भोलिपल्ट मैले बिहान साँझ खाना खाने गरेको रेस्टुराँको मालिक बूढो तामाङलाई एक सय चानचुन उधारो खाएको ऋण तिरेँ र अनि कामरेड सुशील च्याटर्जी र डीबी परियार लगायत त्यहाँका सबै साथीभाइहरुसँग बिदाइ भेटघाट गरेँ । भोलिपल्ट बिहानकै ट्रेनबाट दाइसँगै म नक्सालवारी रवाना भएँ । सोही दिन बेलुका ४ बजेतिर हामीहरु नक्सालबारी रेल्वे स्टेसन पुग्यौं (जो मेची नदीको पूर्वी किनारमै अवस्थित थियो) र तुरुन्तै हामीहरु मेची नदी तरी झापा जिल्ला वन कार्यालयमा गयौं । सो कार्यालयमा पुगेपछि मैले त्यहाँ एउटा बडो अनौठो कुरा देखेँ । त्यो कस्तो अनौठो थियो भने एक डेढ हप्ताअघि मात्रै भर्ना भई काठमाडौंबाट मेरो दाइसँग आएका कर्मचारीहरु सबै नै कालाजारको ज्वरले थलापरिरहेका थिए र पछि मैले काठमाडौंमा सुने कि तिनीहरुमध्ये कोही पनि बचेनन्, सबका सब मरेछन् । अर्को एउटा अनौठो कुरा थियो मेरो दाइ प्रचण्डमान स्वयं । उनको शरीर कुन त्यस्तो गजबको तत्वले बनेको थियो क्यारे उनलाई औलो र कालाजारले छुन पनि सक्दैनथ्यो । त्यस समय भद्रपुर र बिर्ता बजार जस्ता दुई तीन वटा गाउँ बजारबाहेक सिंगै झापा जिल्ला नै जंगलै थियो । नक्सलबन्डा पुगेको भोलिपल्ट बिहान मेची नदीको सफा पानीमा खुवै रमाउँदै मैले नुहाएँ । पर्सिपल्ट बिहानै म काठमाडौंतर्फ लागेँ । काठमाडौं पुगेको आठ दश दिनपछि मलाई एकदमै चर्को रुपले ज्वरो आउन थाल्यो । चार-पाँच जना डाक्टरहरुलाई जँचाइसकेँ तर कसैले पनि त्यो ज्वरो के कस्तो हो पत्ता लगाउन सकेनन् । मेरो अवस्था दिन प्रतिदिन झन् झन् खराब हुँदै गयो । घरमा मेरा बाआमाले त मेरो बारेमा आशा गर्न पनि छाडिसकेका रहेछन् । यसैबीच म सिकिस्त बिरामी भएको थाहा पाएर किलागलको किसीगल्लीमा बस्ने मेरो मित भिनाजु (स्वर सम्राट नारायणगोपालको बुबा) मलाई हेर्न आउनुभयो । उनी वैद्य डाक्टर त थिएनन् तर कालाजारबारे अलि अनुभव भएका रहेछन् । उनले मेरो चेहरा मुख र दाँतहरु हेर्नेबित्तिकै यो कालाजारको ज्वरो हो भनी ठोकेर भन्नुभयो र तुरुन्तै रगत जँचाउनुपऱ्यो भन्ने सल्लाह दिनुभयो । र तुरुन्तै एउटा कम्पाउन्डरलाई बोलाई रगत झिक्न लगाइ जँचाउन पठाइयो । भोलिपल्ट कालाजार स्ट्रङली पोजिटिभ भएको रिपोर्ट आयो । अनि डाक्टरले मलाई कालाजारको इन्जेक्सन दिन सुरु गरे र केही दिनमै ज्वर नर्मलमा आयो । र १५-२० दिनपछि म राम्ररी तङ्ग्रिएँ ।

# हरियो खुर्सानीका फाइदा



खुर्सानीमा हुने 'क्याप्सासिन' नामक रासायनिक पदार्थको कारणले नै हामीलाई पिरो स्वादको अनुभूति गराउँछ । खुर्सानी भनेपछि धेरैको जिब्रो रसाउँछ । खुर्सानी खाँदाको पिरोले जिब्रोको स्वाद फरक सिसिमको हुन्छ । आम नेपालीले खुर्सानी स्वादका लागि खाने गर्दछन् ।

खुर्सानी धेरै थरीका हुन्छन् । नेपालमा पाईने मूख्यतया जिरे, डल्ले, अकबरे आदि किसिमका खुर्सानी पाइन्छन् । कतिपय खुर्सानी अत्याधिक पिरो खालका हुन्छन् भने कतिपय कम । सानो भएपनि जिरे खुर्सानी, अकबरे खुर्सानी बढि पिरा मान्छिन् ।

हरियो खुर्सानीमा भिटामिन ए, बी ६, सी, के, आइरन, कपर, पोटासियम, प्रोटिन र कार्बोहाइड्रेट जस्ता धेरै प्रकारका पोषक तत्वहरू पाइन्छ । साथै यसमा बिटा क्यार ोटीन, क्रिप्टोक्सान्थिन, लुटेन–जकक्सन्थिन आदि स्वास्थ्यवर्धक गुणहरू पनि हुने गर्छ । तर, हालै अमेरिकाको मेडिकल अफ फुडले गरेको एक अध्ययनमा हरियो खुर्सानी खानाले स्वास्थ्य सम्बन्धी समस्याहरूबाट छुट्कारा पाउन सकिने जनाएको छ । मानव स्वास्थ्यमा हरियो खुर्सानी खानुका फाइदाहरू निम्न अनुसार छन् ।

१. हरियो खुर्सानीमा भिटामिन सी पर्याप्त मात्रामा हुन्छ । भिटामिन सीले अरू भिटामिनलाई शरीरमा राम्ररी पचाउन सघाउँछ ।

२. यो एन्टी–अक्सिडेन्टको राम्रो माध्यम हो । हरियो खुर्सानीमा डाइट्री फाइबर्स प्रचुर मात्रामा हुन्छ । जसले पाचन क्रिया सुचारू गर्न मद्दत पुर्याउँछ ।

३. भिटामिन ए भरपूर भएको हरियो खुर्सानीले आँखा तेजिलो र छाला चम्किलो बनाउँछ ।

४. कति अध्ययनले हरियो खुर्सानीले ब्लड सुगर कम गर्ने पत्ता लगाएका छन् ।

५. हरियो खुर्सानीले मस्तिष्कमा एन्डोर्फिनको क्रियालाई सुचारू गराउँछ जसले हाम्रो मूड धेरै समयसम्म ठिक र प्रसन्न रहन्छ ।

६. फोक्सोको क्यान्सरबाट बचाउनमा हरियो खुर्सानीको सेवन गर्नाले फाइदाजनक हुन्छ ।

७. हरियो खुर्सानीमा एन्टी–व्याक्टेरियल गुण हुन्छ , जसले गर्दा शरीर व्याक्टेरियारहित हुन्छ र यसले इम्यून सिस्टमलाई पनि बलियो बनाई राख्नमा मद्दत गर्छ ।

८. हरियो खुर्सानीमा क्याप्साइसिन नामक एक तत्व पाइन्छ जो प्रोस्ट्रेट क्यान्सरबाट जोगाउन महत्वपूर्ण भूमिका खेल्छ ।

९. यसमा रहेको तत्वले छाला सफा बनिरहन्छ । डन्डीफोर आउन दिँदैन ।

१०. महिलाहरूका लागि हरियो खुर्सानी उनीहरूको हतियार हुन सक्छ । यसमा भरपूर मात्रामा आइरन पाइने गर्दछ जसले हड्डीलाई बलियो बनाउने गर्दछ र रगतलाई पनि बढाउने गर्दछ ।

११. यदि तपाईं खानेकुरामा निकै सोच्ने गर्नुहुन्छ र सधैँ कम क्यालरीको खाना खानुहुन्छ भने तपाईंको लागि हरियो खुर्सानी राम्रो विकल्प हुनसक्छ । हरियो खुर्सानीमा क्यालरी हुँदैन त्यसकारण यदि तपाईं डाइटिङ गरिरहनुभएको छ भने हरियो खुर्सानी तपाईंको लागि निकै लाभदायक हुन्छ ।


१२. त्यस्तै अन्य फाइदाहरूमा रगतमा चिनीको मात्रा घटाउछ । पिसावको विरामी लाई लाभदायक छ । हाडजोर्नी लगाएतका दुखाइ घटाउछ । विशेष गरेर अकवरे खुसार्नी हालेर बनाईएको परिकारमा किटाणुको संक्रमण कम हुन्छ । साथै थकाइ पनि मेटाउछ ।

८रातो र धुलो खुर्सानी भने स्वास्थ्यका लागि हानी गर्ने चिकित्सकहरू बताउँछन् ।

# बेलायत : अँध्यारो, पुरानो, निन्याउरो देश-३

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



सोह्रौं शताब्दीतिर एडमन्ड स्पेन्सरले भनेका थिए-

*'सुन्दर टेम्स !*
*बग बिस्तारै जबसम्म म मेरो गीत गाउन नसकूँ ।*

त्यस्तै वेल्सका कवि डाइलन टमसले लेखेका छन्-

*यो पहिलो अवसर हो मैले साँच्चै देखेको*
*लन्डन जसको सुन्दर टेम्स बगिरहन्छ सुस्तरी;*
*नगरकी ती गीत छर्ने जलपरी त्यो जलप्रवाह*
*फैलिएको असी लाखको गाउँभरि दन्किएको ।*
*यो लन्डन हो... ।'*

तर अहिले यो टेम्स न त स्नेहपूर्ण छ न त सुकुमार नै बरु धेरै व्यस्त बनेको छ, जहाँबाट लाखौं टन बेलायती वस्तु जहाजहरूमार्फत निर्यात भई यसको बेचबिखनबाट बेलायतले आफ्नो अस्तित्व बचाइराख्न सकेको छ । लन्डनवासीहरूका लागि सुन्दर, शान्त, विशाल भएको त्यो टेम्स नदी अहिले केवल यातायातको एउटा साधन बनेको छ, असङ्ख्य जहाजहरू ओहोरदोहोर हुने मुख्य जलमार्ग बनेको छ ।

**विश्वप्रसिद्ध तीन संयुक्त भवनहरू**

टेम्स नदीको किनारामा अवस्थित तीनओटा ठूलठूला जोडिएका भवनहरूले भने मलाई औधी आकर्षित गरे । वस्तुतः ती भवनका बाहिरी रूपले होइन बरु तीभित्रका कार्यालयहरूका कर्मचारीहरूको सतर्कता तथा कार्यकुशलताका प्रेरणादायक समाचार, वर्णन आदि सुनेका वा पढेकाले मलाई ती भवनहरूप्रति श्रद्धा लागेको हुन्छ । यी त्यही भवनहरू हुन् जुन स्कटल्यान्ड यार्डको नामले संसारप्रसिद्ध छन् । बेलायतको मुख्य प्रहरी कार्यालय नै स्कटल्यान्ड यार्ड भनिने गरेको तथ्यमा एउटा रोचक इतिहास नै



समावेश भएको रहेछ । भनिन्छ कि पहिले ह्वाइटहल तथा टेम्स नदीबीचको भाग खुला मैदान थियो र यहीँनिर त्यस बेलाको स्वतन्त्र स्कटल्यान्डका राजपरिवारको एउटा भव्य दरबार थियो । त्यसैले यहाँको इलाकालाई स्कटल्यान्ड यार्ड भन्दथे । त्यसपछि आजभन्दा ठीक डेढ सय वर्षअघि अर्थात् इस्वी सन् १८२९ मा सर रबर्ट पीलले जब लन्डन महानगर प्रहरीको स्थापना गरे त्यस बेलादेखि नै ह्वाइटहलको एउटा भवनलाई मुख्य कार्यालय बनाइएको थियो जसलाई त्यही इलाकाको नामकरणले सम्बोधन गर्ने चलन भएछ र त्यसैले स्कटल्यान्ड यार्ड भन्ने नाम रहन पुगेछ ।

समयको पाङ्ग्रो घुम्दै जाँदा विस्तृत हुँदै गएको यो स्कटल्यान्ड यार्डमा हाल करिब १८००० पुरुष तथा स्त्री प्रहरी कर्मचारीहरू कार्यरत छन् । देशमा शान्तिसुरक्षाको व्यवस्था तथा सुगमता कायम गर्न रहेका स्कटल्यान्ड यार्डका चार विभिन्न विभागहरूमध्ये सबभन्दा रोचक तथा विश्वप्रसिद्ध विभाग 'अपराधविभाग' नै हो । अपराधविज्ञानमा उच्च तालिमप्राप्त विशेषज्ञहरूबाट अपराधसम्बन्धी निरन्तर अन्वेषणात्मक नयाँनयाँ कुरा पत्ता लगाई त्यसको रोकथाममा प्रगतिशील विधिविधानहरू अपनाउने यो अपराधविभागले बलियो जनआस्था प्राप्त गरेको रहेछ ।

साँच्चै भन्ने हो भने आधुनिक उपकरणले समेत सुसज्जित यो अपराधविभागको कार्यकुशलता तथा कार्यक्षमताको प्रतिफलस्वरूप स्यालभन्दा कैयौं चङ्ख अपराधीहरू पनि यसका पन्जाबाट उम्किन नसकेका घटनाहरूमध्ये केही आफ्नै देशमा छँदा सुनेको र पढेको थिएँ । डेढ सय वर्षअघि स्थापित लन्डन महानगरको मुख्य प्रहरी कार्यालय यो स्कटल्यान्ड यार्डको लक्ष्य नै आफूले आर्जन गरेको ख्याति (गुडविल) यथावत् राख्ने प्रयास हो । यसलाई मुक्तकण्ठले प्रशंसा नगरी रहन सकिन्न र भर्खरै विकासको मिरमिरे घाम लागिरहेको आफ्नो देशमा पनि यस किसिमका प्रहरीनिकायहरू भए हुन्थ्यो भन्ने कल्पना मनमा लहराउन थाल्यो ।

**भव्य विशाल बजार- डिपार्टमेन्टल स्टोर्स**

एक दिन म अपराह्नदेखि लन्डनको मुख्य बजारका सडकहरूमा एक्लै फनफनी फन्को मारिरहेको हुन्छु । मैले चक्कर लगाएका मार्गहरूमध्ये मुख्य अक्सफोर्ड स्ट्रिट, रिजेन्ट स्ट्रिट, पार्कलेन तथा पिकाडिली रहेछन् । विदेशका सहरहरूमा पैदल यात्रा बडो नौलो, रमाइलो, खोजपूर्ण तथा रोमाञ्चकारी हुन्छ । कुनै पनि ठाउँ राम्ररी नियालेर हेर्न पैदल यात्रा नै गर्नुपर्छ । अक्सफोर्ड स्ट्रिट त लन्डनको मालसामान किनमेल गर्ने मुख्य केन्द्रबिन्दु नै रहेछ । हाम्रो काठमाडौंको नयाँसडकजस्तै अनेक किसिमका आधुनिक सरसामान किन्न पाइने यो अक्सफोर्ड स्ट्रिटका दायाँबायाँका थरीथरीका राम्राराम्रा पसलहरूले कुनै पनि ग्राहक वा पर्यटकलाई आकर्षित नगरी नछोड्ने रहेछ ।

लन्डन महानगरका चारओटा प्रसिद्ध भव्य डिपार्टमेन्टल स्टोर्स (हाम्रो विशाल बजारजस्तै)- सेल फ्रिजेज, जोन लिविस, डी.एच्.इभान्स र डेवेनहाम्स पनि यही स्ट्रिटमा अवस्थित रहेछन् । त्यस्तै रिजेन्ट स्ट्रिटमा रहेको ह्मामलेज् ट्वाई सपले पनि मलाई चकित तुल्यायो । साना नानीहरूलाई नै पहिले खेलौनाहरू किनमेल गर्नुपऱ्यो भन्ने धारणाले त्यस खेलौनापसलमा पसेको थिएँ । त्यहाँको आठ-दस तलाका सबै ठाउँमा आकर्षक तरिकाले सजाएर राखिएका बच्चाहरूका खेलौनैखेलौना मात्र हेर्दै जाँदा कुन किन्ने हो निर्णय नै गर्न नसक्दा एक घण्टाभन्दा बढी समय बितेको चालै पाइनँ ।

**पार्कलेन क्यासिनोमा एक क्षण**

विशाल खुला मैदान तथा ठाउँठाउँमा ठूलठूला रुखहरूले शोभायमान हाइडपार्कमा लन्डनवासीहरू घुम्न तथा घाम ताप्न जाँदा रहेछन् । त्यहीँ एक ठाउँमा पाँच-छ जना अङ्ग्रेज ठिटाहरू घाम ताप्दै गफसफ गर्दै कुन्नि के हो एक-एकओटा मुखमा कुपुकुपु हाल्दै खाइरहेको देख्दा मलाई आफ्नै साथीहरूसँग जाडोको मौसमतिर रत्नपार्क, टुँडिखेलतिर घाम ताप्दै बदाम छोडाउँदै कुटुकुटु खाँदै ख्यालठट्टा गरेर बिताएका दिनहरूको सम्झना भयो ।

हाइडपार्कमा यसो विहङ्गमदृष्टि दिइसकेपछि यसैको सामुन्ने रहेको पार्कलेनको बाटो समात्दै थिएँ । यत्तिकैमा अचानक एक जना पूर्वपरिचित नेपालीसँग बाटैमा जम्काभेट भयो । दुवैमा आश्चर्यमिश्रित उल्लासपूर्ण भावनाहरूको प्रस्फुरण भयो । उनी काठमाडौंबाट आफ्ना 'साहेब' सँग बेलायत आएर बन्दोबस्त मिलेपछि दुई वर्षअघि मात्र आफ्ना श्रीमती र एक छोरा दुई छोरीसमेत बेलायतमा नै झिकाई बसोबास गरिरहेका रहेछन् । कुरा गर्दै हामी अघि बढ्दै थियौं, नजिकको हर्डफोर्ड स्ट्रिटको पार्कलेन क्यासिनोलाई आफ्नो कार्यालय भनी उनले मलाई भने । तर त्यहाँ साधारण तल्लो तहको मात्र काम गर्ने भए तापनि महर्जनले निकै ठूलठूला कुरा गर्ने गरेको मलाई अहिले पनि झलझली सम्झना हुन्छ । उनी कहिले राजनैतिक कुरा गर्थे त कहिले आर्थिक विकासमा आफ्नो मन्तव्य व्यक्त गर्दथे । त्यस्तै कहिले धार्मिक प्रसङ्गमा आफू क्रिस्चियन भएको दाबा गर्दथे । उनले आफ्नो कार्यालय देखाउन मलाई त्यहाँ लगे । पार्कलेन क्यासिनो भन्ने नामैले जुवा खेल्ने ठाउँ भन्ने प्रस्टिएकाले यो कार्यालय कुन किसिमको हो भन्ने प्रश्न मैले गर्नै परेन । हरेक दिन दिउँसो दुई बजेदेखि मात्र खुल्ने यो क्यासिनोमा बिहान चार बजेसम्म विविध किसिमका जुवाहरू खेलहरू चालू हुँदा रहेछन् । त्यहाँभित्र पस्दा सलक्क परेका बनावटी मुस्कान मुस्काउन सिपालु भएका लहलहाउँदा सुनौलो केशहरू भएका अधिकांश अर्धनग्न ठिटीहरूको हँसिलो व्यवहारले नवागन्तुक व्यक्तिहरूलाई पहिले त भ्रममा नै पार्दो रहेछ । आफ्नो भाग्य सपार्नमा व्यस्त जुवाडे महाशयहरूको छेउछाउमा ती केटीहरू यदाकदा यसो सुरुक्क खुरुक्क गई चुरोट दिँदै लाइटर बालिदिने वा अँगालो हाल्दै एक-एक चुस्को स्वाइँको आदानप्रदान गर्नु-गराउनुका साथै एक-दुई टुक्का ठट्टाका कुराहरू बीचबीचमा गरिदिने गर्दा रहेछन् । त्यहाँ एक फन्को लगाउँदा मैले देखेँ- कुनै महाशयहरू ब्ल्याक ज्याक खेलिरहेका थिए त कुनै अमेरिकन रौलेटमा व्यस्त ।

त्यस्तै फेरि कुनै पुन्टोबान्को खेल्नमा मस्त थिए । वस्तुतः त्यहाँ मलाई खास रमाइलो लागेन । काठमाडौंको सोल्टी होटेलको क्यासिनोमा यस्ता खेलहरू खेलिएको देखिसकेको थिएँ र कैयौं नेपालीहरू त्यहाँको खेलबाट टाट पल्टिसकेका छन् भन्ने पनि सुनेको थिएँ । विदेशी पर्यटकको मनोरञ्जनार्थ खोलिएको सोल्टीको त्यो क्यासिनोका ग्राहकहरूमा नेपाली जुवाडेहरू नै बढी हुन्छन् भन्थे । साँच्चै हाम्रो अति गरिब देशमा पश्चिमेली सम्पन्न मुलुकमा खेलिने क्यासिनोजस्ता जुवाका खालहरूबाट पुँजीपतिहरूलाई पथभ्रष्ट तुल्याउनु स्वाभाविकै हो । सौभाग्यले अब उक्त क्यासिनोमा नेपालीहरूका लागि प्रवेश निषेध भएछ । *(क्रमशः)*

# होला लोकतन्त्र बहाली ?



**विष्णु भट्टराई**

यतिबेला फेरि थाइल्यान्डमा लोकतन्त्र बहालीमाथि प्रश्न उठेको छ । एकातर्फ सेनाको सत्तामाथिको नियन्त्रण रहेको छ भने अर्कोतर्फ लोकतन्त्र र जनताको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीका नेतामाथि अंकुश लगाइएको अवस्था छ । सन् २०१४ मा सत्ता हातमा लिएका प्रयुत चान ओचाले पटकपटक निर्वाचन टार्दै आएका थिए । तर, अब मार्चमा निर्वाचनको मिति तोकिएको छ । यो लोकतन्त्र र सत्ता जनतामा फर्काउने उपयुक्त अवसर हो । सन् २०११ को निर्वाचनबाट जननिर्वाचित सरकार बनेको तीन वर्षमा नै सेनाले सत्ता हातमा लियो । अब फेरि एकपटक प्रत्यक्ष सैनिक शासन अन्त्य गर्ने बाटोमा थाइल्यान्ड अघि बढेको छ । यद्यपि, चुनावले त्यहाँको समस्याको पूर्ण समाधान निकाल्नेमा शंका गर्ने ठाउँ प्रशस्त छ ।

दक्षिणपूर्वी एसियाको राष्ट्र थाइल्यान्डका जनता धर्म र राजतन्त्रलाई त्यहाँको राष्ट्रिय स्तम्भका रूपमा मान्छन् । कुनै समयमा सक्रिय र शक्तिशाली राजसंस्था रहेको थाइल्यान्डमा यतिबेला राजसंस्थाको भूमिका संवैधानिक हैसियतको मात्रै छ । जनताले पटकपटक निर्वाचनमार्फत लोकतान्त्रिक रूपमा निर्वाचित आफ्ना प्रतिनिधिलाई सत्ता सञ्चालनका लागि चुने पनि सेना त्यसमा तगारो बन्दै आएको छ । यतिबेला थाइल्यान्डमा प्रयुत चान ओचाको सैन्य सरकार क्रियाशील छ र आगामी २४ मार्चमा निर्वाचन हुँदै छ । जसलाई सैनिक शासक प्रयुत चान ओचाको सरकारलाई हटाएर लोकतन्त्र बहाली गर्ने उपयुक्त अवसरका रूपमा लिइएको छ ।

बौद्ध धर्मावलम्बीको बाहुल्यता रहेको थाइल्यान्डका नागरिक राजतन्त्रलाई असाध्यै सम्मान गर्छन् । तर, यतिबेला थाई राजकुमारी आगामी आमनिर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवार बन्ने चर्चाले अर्को रौनक र विवादको विषय बन्यो । राजकुमारी प्रकरणले जनमत विभाजित बन्यो ।

यो प्रकरण समाधानका लागि राजाले नै कदम चाल्नुपर्ने अवस्थाको सिर्जना भयो । थाइल्यान्डका पूर्वराजा स्वर्गीय भूमिबोल अदुल्यादेजलाई त्यहाँका जनताले भगवानका रूपमा सम्मान गर्दथे । संसारकै सबैभन्दा लामो समयसम्म राष्ट्रप्रमुखको रूपमा बिताएका तिनै भूमिबोलकी जेठी छोरी राजकुमारी उबोलरत्ना माहिदोनलाई आगामी निर्वाचनमा पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको पार्टीले प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेपछि त्यहाँको राजसंस्थासमेत राजनीतिमा तानिने अवस्था सिर्जना भएपछि राजाले हस्तक्षेप गरेर त्यसलाई रोकेका हुन् । थाई राजा बाजिरालोंगकोर्न आफैंले आफ्नी दिदीको दाबेदारी अनुचित र थाई राजपरिवारको संस्कृतिको विरुद्ध भएको बताएपछि राजकुमारी यो दौडबाड पछि हटिसकेकी छन् । यद्यपि, थाइल्यान्डमा यस घटनाले सिर्जना गरेको बहस भने अझै मत्थर भइसकेको छैन । बरु त्यहाँको शक्ति समीकरणमा राजसंस्थाको भूमिका र अवस्थाका बारेमा टिकाटिप्पणी भइरहेका छन् ।

गत फेब्रअुरी ११ मा थाइल्यान्डको आगामी मार्चमा हुने निर्वाचनका लागि राजकुमारी उबोलरत्नालाई प्रधानमन्त्रीको उम्मेदवार बन्न अयोग्य घोषणा गरिदिएपछि थाइल्यान्डको प्रभावशाली सिनावात्रा वंश जोडिएको पार्टीको राजकुमारीलाई उम्मेदवार बनाउने अभियान र राजनीतिक यात्रा सुरु गर्ने राजकुमारीको सपनामा एकैपटक पूर्णविराम लागेको छ । तर, यो निर्णय गराउनका लागि राजकुमारी उबोलरत्नाका भाइ, वर्तमान थाई राजा बाजिरालोंगकोर्नले राजपरिवार राजनीतिभन्दा माथि भएको उल्लेख गर्दै कडा राजादेश जारी गर्नुपरेको हो ।




थाइल्यान्डको संविधानअनुसार राजसंस्था संवैधानिक हैसियतमा भए पनि राजाको आदेश अन्तिम मानिन्छ । राजाको आदेशपछि निर्वाचन आयोगले प्रधानमन्त्री पदका उम्मेदवारको नामको सूचीबाट औपचारिक रूपमा राजकुमारी उबोलरत्नाको नाम हटाएर बाँकी उम्मेदवारको नाम घोषणा गरेको हो । राजा भूमिबोलकी जेठी छोरीका कारण थाइल्यान्डको राजनीति पुरै संसारमा एक पटक चर्चाको विषय बन्न पुगेको छ । हुन त उनी थाई राजपरिवारमा अरू सदस्यभन्दा अलग पहिचान बनाएकी राजकुमारी हुन् । थाई राजपरिवारकै सबैभन्दा ज्येष्ठ सदस्यका रूपमा रहेकी उनले फिल्ममा काम गरिसकेकी छन् भने स्टेज सो, च्यारिटीलगायतमा सहभागी हुनु र आममानिसबीचमा सामान्य नागरिकका रूपमा सहभागी हुनु उनका लागि नौलो विषय होइन । अमेरिकामा उच्च शिक्षा अध्ययनका क्रममा उबोलरत्नाले सन् १९७२ मा एक अमेरिकी नागरिकसँग विवाह गरेपछि थाइल्यान्डको शाही दर्जा छाडेकी थिइन् । तर, पतिसँगको सम्बन्ध विच्छेदपछि सन् २००१ मा उनी थाइल्यान्ड फर्किएर राजपरिवारसँग पुनः एकाकार भएकी हुन् । थाई राजकुमारी उबोलरत्नाले भनेकी थिइन्, 'राजपरिवारसँग सम्पर्क तोडिसकेकी छु र एक आमनागरिकका रूपमा चुनावमा सहभागी हुनेछु ।' तर, उनको यो महत्वाकांक्षा पूरा हुन पाएन । एकपटक शाही परिवार छाडेर पुनः फर्किएकी उनले आफ्ना भाइको आदेशपछि क्षमायाचना नै गरिसकेकी छन् ।

थाइल्यान्डको सेना त्यहाँको राजनीतिमा निकै शक्तिशाली छ । सेनाले थाइल्यान्डमा पटकपटक सत्ता 'कु' गरी लोकतान्त्रिक सरकारलाई हटाएको छ । १९औं र २० औं शताब्दीमा दक्षिण र दक्षिणपूर्वी एसिया युरोपेली राष्ट्रको उपनिवेश बन्दासमेत थाइल्यान्डलाई जोगाउन सफल भएको शक्तिशाली थाई राजसंस्था आफ्नै देशका जनताले निर्वाचित गरेको सरकारलाई सेनाले सडकमा पुर्याइदिँदा मौन बस्नुपर्ने अवस्था आयो । यतिबेला थाइल्यान्डको राजनीतिमा निकै शक्तिशाली र चुनावी राजनीतिमा आफूलाई अब्बल साबित गरिसकेको थाक्सिन सिनावात्राको थाई रक्षा पार्टीले राजकुमारीलाई प्रधानमन्त्री बनाउने निर्णय गर्दा त्यसलाई तत्कालै निस्तेज पार्न सक्यो ।

वर्तमान राजा बाजिरालोंगकोर्नको व्यक्तित्व उनका बाबु भूमिबोल अदुल्यादेजको जस्तो प्रभावशाली छैन । लोकप्रियताका हिसाबले अदुल्यादेज निकै माथि दिए । वर्तमान राजा बाजिरालोंगकोर्नको जीवनशैलीलाई लिएर केही पटक विवाद र आलोचना भएको थियो । यद्यपि, उनी एक राजाका रूपमा थाइल्यान्डको राजनीतिमा आफ्नो पकड बनाइराख्नमा सिपालु देखिएका छन् ।

राजसंस्थालाई अत्यधिक रूपमा सम्मान गर्ने सांस्कृतिक परम्परा भएको थाइल्यान्डका जनताका अघि राजकुमारीको चुनावी हुंकार त्यहाँको सेनाका लागि फलामको चिउरा चपाउनुसरह हुने थियो ।

# निरन्तर बंकर बनाउने शासक



चीन, दक्षिण कोरियाजस्ता विश्वका केही देश विकासको यात्रामा प्रवेश गरेको केही दशकमै विश्वको प्रमुख अर्थतन्त्र भएका मुलुकको सूचीमा यसै पुगेका होइनन्, त्यहाँ अथक मेहनतको अंश छ । तर संसारमा युद्ध लड्न बंकर पनि यसरी नै बनाउने शासक भने खासै पाइन्न । तर, यस्ता शासक पनि भेटिएका छन्, जसले निरन्तर १४ वर्षसम्म बंकर निर्माण गरेका थिए ।

शीत युद्धका क्रममा युरोपेली देश अल्बानियामा यसरी निरन्तर बंकर बनाउने काम त्यहाँका शासक एनभर होक्सहाले गरेका थिए । धेरैजसो बंकर सन् १९७५ देखि १९८९ को बिचमा बनेका हुन् । त्यहाँ करिब पाँच लाख बंकर रहेको अनुमान छ । तीमध्ये केही बंकर जीर्ण अवस्थामा छन् भने केही क्याफे, घर, रेस्टुरेन्ट, स्विमिङ पुल, अन्न भण्डार, पुल र पानी ट्यांकीका रुपमा प्रयोग भइरहेका छन् । केही दशक कम्युनिस्ट शासन रहेको यो मुलुक तत्कालीन सोभियत संघको नजिक थियो भने पश्चिमा र युरोपेली शक्तिसँग अलग बनेको थियो ।

अल्बानियाका कम्युनिस्ट शासक एनभर होक्सहाले बाहिरी शक्तिबाट सुरक्षित बन्नका लागि पुरै देशमा बंकरहरु निर्माण गरेका थिए । अल्बानियाका टुरिस्ट गाइड एल्टन काशी ठट्यौलो पारमा भन्छन्, 'अब त यी बंकर पनि पर्यटन विस्तारको माध्यम बनेका छन् ।'

अल्बानियाको एड्रियाटिक तटबाट भित्र जाने क्रममा पाइला पाइलामा बंकर बनेको देख्न सकिन्छ । सन् १९७५ पछि यसरी बंकर निर्माणको काम सुरु गर्दा अल्बानिया बाँकी विश्वसँग करिब करिब कटेको थियो । खासगरी सोभियत संघसँग पनि सम्बन्ध खराब भएपछि एनभर होक्सहाले बंकर बनाउँन लगाएका थिए ।

शीतयुद्धका क्रममा अनिश्चितता र परमाणु युद्धको आशंकामा केही देश त्यसको सामना गर्न तयारी गरिरहेका थिए । अल्बानियाका शासक एनभर होक्सहा शीतयुद्धका समयमा बाहिरी शक्तिसँग निकै सतर्क थिए । कुनै पनि बेला युद्धको अवस्था आयो भने त्यसबाट देशमा ठूलो मानवीय क्षति हुनबाट बचाउनका लागि यी बंकर निर्माण गरिएको थियो ।



अल्बानियाको हजारौं वर्ष पुरानो इतिहास छ, यो अवस्थाको सिर्जना भएको पनि करिब ४० वर्ष भइसक्यो । तर यो अल्बानियाको हजारौं वर्ष पुरानो बिरासतका लागि भारी बनेको छ ।

आज पनि पुरै देश बंकरमय छ । पहाडदेखि खेतसम्म, राजमार्गदेखि समुद्रको किनारसम्म बंकर भेटिन्छन् । एउटा बंकर बनाउन करिब दुई वटा बेडरुम भएको घर बनाउने बराबरको खर्च लागेको अनुमान गरिन्छ । यी सबै बंकर निर्माणका कारण अल्बानिया युरोपको सबैभन्दा गरिब देश बनेको थियो ।

यी बंकर यस्तो आर्थिक बोझका रुपमा रह्यो कि त्यो आर्थिक बोझ अहिले पनि अल्बानियाका जनताले बोक्नु परिरहेको छ । वास्तममा एनभर होक्सहाले आफ्नो देशका जनतालाई एक मन्त्र दिएका थिए-'सधैं तयार रहनू ।'

दोस्रो विश्वयुद्धका क्रममा अल्बानियालाई इटालीको सेनाले केवल ५ दिनमा पराजित गरेको थियो । यद्यपि इटालीको यो कब्जाको विरोधमा अल्बानियाका जनताले छापामार लडाईका माध्यमबाट जारी राखेका थिए ।

युगोस्लाभिया र बेलायत-अमेरिकाको सहयोगबाट अल्बानियाका जनताले इटाली र जर्मनीका सेनामाथि हमला जारी राखेका थिए । यो छापामार लडाईको नेतृत्व होक्सहाले गरेका थिए । जसरी मित्र देशका सेनाले धुरी राष्ट्र अर्थात जर्मनी र इटालीका सेनामाथि विजय हासिल गर्ने दिशातिर अघि बढ्यो, तब अल्बानिया पनि शक्तिशाली बन्दै गयो ।

नोभेम्बर १९४४ मा अल्बानिया फाँसीवादी शक्तिबाट स्वतन्त्र हुन सफल भयो । यो जितको श्रेय जसोतसो जुटाएका ७० हजार वामपन्थी सेनालाई नै जान्छ । दोस्रो विश्वयुद्ध अन्त्य भएपछि होक्सहाले अल्बानियाको सत्ता आफ्नो हातमा लिए ।

सत्तामा आएपछि तानाशाही बनेका उनले हरेक विरोधीलाई समाप्त पारेका थिए । सुरुमा उनले सोभियत संघको खेमामा जाने निर्णय गरे । तर अरु देशसँग अल्बानियाको सम्बन्ध लगातार बिग्रिन थाल्यो ।

सन् १९४७ मा अल्बानियाले युगोस्लाभियासँग सम्बन्ध तोडियो । होक्सहाले युगोस्लाभियाका कारण जनता समाजवादतर्फ जानबाट भड्किरहेको भन्दै उनले सम्बन्ध तोड्ने निर्णय गरेका थिए । सोभियत संघमा निकिता ख्रुस्चेभ सत्तामा आएपछि उनले सम्बन्ध तोडे ।

यसपछि अल्बानिया माओत्सेतुङसँग नजिक भए । यो सम्बन्ध पनि लामो समय टिकेन । जब सन् १९७२ मा माओले तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनलाई बेइजिङ भ्रमणको निम्तो दिएपछि होक्सहाले चीनसँग पनि सम्बन्ध तोडे । सन् १९७८ मा चीनले अल्बानियाबाट आफ्ना सबै सल्लाहकार फिर्ता बोलायो । त्यसपछि त्यहाँका सबै गाउँ र नगरसहित देशैभरी बंकर बनाउने काम चलेको थियो । सन् १९७६ देखि सन् १९८९ सम्म दिनरात बंकर बनाउने काम चलेको थियो ।

*एजेन्सीको सहयोगमा*

पर्यटन

# स्वर्गको अनुभूति गराउने ठाउँ

**लक्ष्मी पौडेल (अनुरागी)**

कर्णाली प्रदेशका दश जिल्ला । दशमध्ये एक जुम्ला । कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट लगातार बाह्र घण्टा भन्दा बढि समय यात्रा पश्चात स्वर्गको अनुभुती गर्न पाउने ठाउ जुम्लामा नयन बिसाउन सकिन्छ । तिनै आँखाले हेर्नै हम्मेहम्मे हुने अनकन्टार पहाड, मुटु चिसो बनाउने डरलाग्दा पहरा र चट्टान अनि चिसो पानिलाई आफ्नै काखबाट हुत्याइरहेका सयौ छहरा, आफ्नै रफ्तारमा दौडिरहेकी कर्णाली नदिको काख काखै, हिमा कर्णालीको पुच्छर र तिला कर्णालीको प्यारो काखसंगै सयौ साना खोलाहरु पार गर्दा जुम्लाले स्वागत गर्छ । मुसुक्क हाँसेर स्वागत गरेका तिनै पहाड र डाफे हिमालका खोचहरु सायद हाम्रै स्वागतमा तड्पिएका होलान । जुम्लीनी अन्टी हाम्रै लागी तातोपानि लिएर आउछिन । अनि जुम्ली अंकल भेडाको रौ बाट बनाएको लोभलाग्दा र आकर्षक अर्गानिक पाखी हाम्रा लागि तम्तयार बनाउछन । वरिपरी सुन्दर ति सेताम्मे पहाडले मुस्कान दिईरहँदा साच्चिकै हामिले फोटो खिच्दा 'पच्चिस' भनेर मुस्कुराएको याद आउँछ । जुम्ली साँल्दाईले खस भाषामा स्वागत गर्दा त साँच्चीकै कता न कता भएको अनुभव हुन्छ । चिसोले पहिलो दिन ओछ्यानमै करेन्ट लागेको जस्तो आभास भएको मान्छे लाई एक हप्ताको जुम्ला बसाईले जुम्ला र जुम्लीहरुको मायामै डुबुल्कि खेलिरहन रहरहरुको भेल उब्जाउनु पनि अनौठो कुरा थिएन । सधैंझै जुम्लामै रमाउन मन लाग्नु अनौठो कुरा लागेन । पात झरेर अस्थिपञ्जर जस्तै बनेका स्याउ र अरु फलफुलका बोटहरु देख्दा मलाई अर्कोपटक जुम्ला जान तम्तयार बनायो ।

'परापुर्व कालमा जुम्ल्याहा शब्दको अपभ्रंश हुँदै यस जिल्लाको नाम जुम्ला रहन गएको हो ।'

वरिपरी पहाड, बीचमा तिला नदि त्यसको वारपार समथर जमीन जमीनमा मिलेर रहेका थुम्म थुम्म बस्तिहरु र टोलहरुले सायद सामाजिक एकताको पाठ पक्कै सिकाउछ । छरिएर रहेका बस्तीको परिकल्पना गरेर जुम्ला प्रस्थान गर्नेहरुलाई सायद दाँतमा ढुङ्गा लागेको अनुभुती गाराइदिन्छन्, भन्छन जुम्ली अंकल अन्टीहरु । कस्ता मिलेका चिटिक परेका गुजुमुजुक्क बस्तिहरु र त्यस्तै मार्सी फल्ने खेतका फाँटहरु देख्दा स्वर्ग भुल्न बाध्यको नै नहुदो हो सायद । छेउमै आफ्नै वेगमा बगिरहेको तीला नदी । त्यसैमा सेताम्मे डाँफे हिमालको मुस्कानले को नै भुतुक्क नहुँदोहो सायद । नेपाली भाषाको उद्गम थलो सिजा पुग्दा पनि मन लठ्ठै परिहाल्यो । जहाँ पनि मिलेर रहेका बस्तीहरुले सायद जो सुकैले सामाजिक एकताको पाठ सिक्छ होला । त्यसैमा सिंजाली अन्टीले नेपाली खस भाषामा गित गाउँदा सुनिरहन बाध्य कसलाई पो बनाउँदैन होला र ! वरिपरी सेताम्मे हिमाल, बिचमा हिमा नदी र वारपारी मिलेका बस्तिहरु र हिमाको छालमा सुन्दर खेतका फाँटहरु सम्झिन मन लाग्यो ।

जुम्ला सदरमुकाम खलंगा ।

तिला, हिमा नदी, चन्दननाथ मन्दिर, भैरवनाथ मन्दिर, कनकासुन्दरी मन्दिर, सिस्ने हिमाल, सिंजाक्षेत्र, तातोपानी, गोठिचौर, बागबानि स्याउ जस्ता चिजले जुम्लालाई जुम्ला जस्तो बनाएको मैले पाएँ । इतिहासमा उल्लेख भए अनुसार जुम्लाको सिंजा राज्य भएको जिल्ला हो, जुम्ला ।




सस्कृती प्रेमी, इतिहासकार, प्रकृतीप्रेमी, पत्रकार र विद्यार्थीहरुको लागी जुम्ला जिल्लाको सेरोफेरोको भ्रमणले धेरै कुरा सिकाउछ । कलाकारलाई गित गाउँ(गाउँ बनाइदिने, लेखकलाई लेखुलेखु बनाईदिने स्वर्गभुमी जुम्लालाई कसरी भुल्न सकिन्थ्यो र ।

मलाई माफ गर जुम्ला । मैले गल्ति गरेको थिएँ । कृपया मलाई क्षमा गर जुम्ला । मैले तिमिलाई सँधै कर्णालीको बगर भनिरहें । मैले सधै तिमिलाई जुम्ला भनेर हेपिरहे । मलाई माफ गर जुम्ली अंकल, अन्टी मैले तिमिहरुलाई सधै जुम्ली भनेर होच्याइरहें । म अनि मेरो परिवारको जुम्ला, जुम्ली र सिङ्गै साविक कर्णाली प्रतिको नजर कहिल्यै सहि हुन सकेको थिएन । दैलेख पछी अनकन्टार पहरा र छहराको जिल्ला कालिकोटपछी जुम्लाले स्वागत गर्छ । जुम्ला र जुम्लीप्रतीको नजरमा त्यतिबेला परिवर्तन हुन्छ । जतिबेला जुम्ला पुगिन्छ । लाखौं सम्भावनाका विचमा केही चुनौतीको जिल्ला जुम्लाले लाखौ, करोडौं नेपालीलाई अर्गानिक स्याउ खुवाएको छ । अर्गानिक सिमी खुवाएको छ । म लगाएत मेरा साथिहरुले मार्सीधानको खिर भनेर सामाजिक सञ्जाल फेसबुक रङ्गाईरहँदा मैले जुम्लालाई सम्झिन सकिन र ति मार्सि फल्ने सुन्दर खेतका फाँटहरुलाई कहिल्यै सम्झिन सकिन । उल्टै जुम्ला भनिरहें र जुम्ली भनिरहँप । त्यसैले मलाई माफ गर जुम्ला । सयौ छहरा नदि ताल तलैया र मनमोहक हिमालहरुले मलाई आज मोहनी लगाएर मेरो गल्तीलाई सम्झाइदिएका छन । जुम्ला भन्नेवित्तिकै फरक र खराब सोच भएकाहरु कृपया जुम्ला जानुहोस र असलि जुम्लाको रुप हेरेर आउनुहोस । मलाई माफ गर जुम्ला मैले जुम्लालाई यो सोच्न सकिन कि सामाजिक एकताको सुन्दर रुप भएको जिल्ला भनेर ।

छरिएर रहेको समाज र बस्ति भएको जिल्लाको परिकल्पना गरेर जुम्ला जानेहरु मध्ये म पनि हुन सक्छु होला सायद । के छैन जस्तो लाग्छ जुम्लामा । बाह्रै महिना तातो पानी बग्ने पनि यहाँ नै । वास्तवमा जुम्ला लाई फरक नजरले हेर्नु र फरक सोच राख्नुले कर्णाली प्रदेशका अन्य जिल्लावासी हरुलाई गलत कामको जिम्मा आउने गर्छ । मलाई माफ गर्नु जुम्ला मैले सधै अभागि भनिरहें तिमिलाई । तर मैले तिमिले पठाएको स्याउ खाँदै तिम्रै कुरा काटिरहें । तिमिलाई छि जुम्ला भनिरहें । तिमिलाई ब्यर्थ भनिरहें । म र मेरो परिवारले मार्सिधानको भात खाँदै जुम्ली अंकललाई पाखे भनेर हेपिरह्यो । जुम्लाई विकट दुरदराज भनिरह्यो, खाडी भनिरह्यो । मेरा साथिहरुले जुम्लाको मार्सिधानको भात खाँदै गरेको फोटो फेसबुकमा पोष्ट गरिरहँदा जुम्लिदाईलाई पाखे र केही थाहा नपाएको पाखे भनिरहे र फेसबुक मेसेजमै गाली गरिरहे । त्यतीबेला मलाई नाजावाफ बनिरहे । जुम्लाको सिमीको दाल, भात खाँदै पल्लाघरका माइला काकाको परिवारमा जुम्ला, बिकट, असहज र जुम्लीलाई पाखे र नराम्रो भनेर कुरा काटिरहँदा म नाजवाफ भए । त्यसैले समग्र कर्णालीको पर्यटन, विकास र समृद्धि जुम्ला जिल्लाविना असम्भव छ । यसकारण जुम्ला र जुम्लीप्रतीको सोच र नजर परिवर्तन गरिन जरुरी छ । एकचोटी ज्युदै स्वर्गको अनुभुती गर्न जुम्ला पुग्न जरुरी छ ।

प्रेरक

## ज्ञान सिकाउनेले सम्मान खोज्दैन

कौशल्याका राजकुमार भगवान बुद्धलाई निकै नै सम्मान गर्थे । उनले आयोजना गरेका हरेक कार्यक्रममा बुद्ध र बुद्ध संघलाई निमन्त्रण गरिन्थ्यो । उनले एक समयमा राजदरबारबाट केही टाढा एउटा अत्यन्तै सुन्दर भवन निर्माण गरेका थिए ।

उक्त भवन निर्माणपश्चात् गृह प्रवेशका अवसरमा राजकुमारले भगवान् बुद्धलाई संघसहित आमन्त्रित गरे । बुद्ध पनि राजकुमारको निमन्त्रणालाई स्वीकार्दै समयमा नै उक्त भवनमा उपस्थित हुनुभयो । राजकुमार भगवान बुद्धको स्वागतका लागि प्रवेश द्वारमा नै उभिइरहेका थिए ।

बुद्ध सामुन्ने पुगिसकेपछि राजकुमारले बुद्धलाई नमन गरे र भने- महलमा ज्ञानका लागि सिंढीहरु छन् र सिंढीमा सेतो सफा गलैंचा राखिएको छ । कृपया गलैंचामा हिंडेर हामीलाई कृतार्थ गर्नुहोस् ।'

त्यति भनेपछि भगवान् बुद्ध रोकिनुभयो र भन्नुभयो- 'हेर कुमार, म यो संसारलाई ज्ञान बाँड्छु र ज्ञान के हो भनेर सिकाउँछु । यसरी ज्ञान सिकाउने मान्छेले यस प्रकारको सम्मानलाई महत्व दिन्छ भने उसले कसरी ज्ञान सिकाउन र बाड्न सक्छ ? उपासकले पनि यसरी मान सम्मानलाई महत्व दिन्छ भने ज्ञानलाई भन्नेछ ।'

यस प्रकार भगवान् बुद्धले एउटा नियम बनाउनुभयो कि वर्तमान र भविष्यका कुनै पनि धर्माचार्यले लाभ सत्कार र मान सम्मानका लागि धर्मको शिक्षा नदिउन् । त्यसपछि उक्त कार्यक्रममा बुद्धले मात्र अगाडि पाइला नचालेर बुद्ध, राजकुमार लगायत कार्यक्रममा उपस्थित सबै मानिसहरुले सँगै गृह प्रवेश गरे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ । काममा केही अलमल तथा ढिलासुस्ती हुन सक्छ । तापनि, मध्याह्नदेखि स्थितिमा सुधार आउनेछ भने लगनशीलताले परिस्थितिलाई बदल्न सकिनेछ । पछि लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । अध्ययनमा प्रगति हुनेछ । गुरुजन र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

### बृष

सुरुमा विभिन्न अवसर प्राप्त भए पनि तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । बेसुरमा दिएको वचनले समस्या निम्त्याउनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । दुविधा बढ्नेछ भने गोपनीयता बाहिरिन सक्छ । व्यापार लगायत आर्थिक लाभ हुने काममा मन्दी आउन सक्छ । हतारको निर्णयले काममा अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला ।

### मिथुन

लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । अग्रजहरूको सहयोग जुट्नुका साथै शुभचिन्तकहरूबाट उत्साह प्राप्त हुनेछ । पराक्रमी कार्य सम्पादन गर्दै नाम र दाम कमाउने बेला छ । सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन् । उद्योग र व्यापारमा पनि मनग्गे लाभ हुनेछ । मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ । आँटेको काम सजिलै सम्पादन हुनेछ ।

### कर्कट

ठूलो आशा देखाउनेहरूबाट सावधान रहनुहोला । आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा आत्मसम्मानका लागि मौन रहनु बेस होला । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला । भावना बुझ्न नसक्दा शुभचिन्तकहरू टाढिन सक्छन् । बोली व्यहारमा संयम रहँदै गरिएको युक्तिपूर्ण व्यवहारले फाइदा दिलाउनेछ ।

### सिंह

अवसरका साथ चुनौती पनि देखा पर्नेछन् । आगन्तुकहरूले अलमल्याउने हुनाले जीवनशैली व्यस्त रहनेछ । खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । परिस्थिति अनुकूलै देखिए पनि काम बिग्रने डरले सताउनेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । लगनशीलताले फाइदा दिलाउनेछ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।

### कन्या

श्रमको मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । आम्दानी रोकिनाले तत्काललाई कर्जाको रकम लिनुपर्ने हुन सक्छ । छिमेकमा असमझदारी बढ्ने हुँदा होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । आँटेको काममा अनुमानभन्दा बढी खर्च लाग्नेछ । लाभांश अरूका लागि खर्चनुपर्ला । सरसापटमा धन बाहिरिने देखिन्छ ।

### तुला

दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुने समय छ । आम्दानी बढ्नाले नयाँ योजना प्रारम्भ गर्न सकिनेछ । पेसा र व्यापारमा राम्रै लाभांश हातलागी हुनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् । आयआर्जनका विविध स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । छोटो समयमै राम्रो प्रगति हुनेछ ।

### बृश्चिक

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम सम्पादन हुनेछ ।

### धनु

वातावरण अनुकूल देखिए पनि समयमा लाभ उठाउने चेष्टा नगर्दा पछि परिएला । अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ । आत्मविश्वास, मिहिनेत र लगनशीलताले लक्ष्यमा पुर्‍याउनेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनेछ र आफ्नो क्षेत्रको नेतृत्व हातलागी हुनेछ । मिहिनेतले प्रतिफल दिलाउनेछ ।

### मकर

धेरै सक्रियता स्वास्थ्यका लागि बाधक बन्न सक्छ । चुनौतीपूर्ण कामको जिम्मेवारी आए पनि बुद्धि-विवेकले काम सम्पादन गर्न सकिनेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूको समेत साथ प्राप्त हुनेछ । काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला ।

### कुम्भ

सोखले खर्च बढाए पनि मनपर्ने भौतिक साधन जोड्ने समय छ । लगानी बढाउनुपरे पनि व्यवसाय थालनी हुनेछ । प्रेमको बन्धन कसिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । अतिथिका रूपमा सत्कार पाइनेछ । तर कामको सन्दर्भमा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ । ठगीमा परिने समय रहेकाले धनमाल सुरक्षामा सजग रहनुपर्ला ।

### मीन

लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। शत्रुभाव राख्नेहरू स्वयं कमजोर हुनेछन् । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ ।

## बुलबुलको पोस्टरमाथि प्रहरी नजर

काठमाडौं । शुक्रबारदेखि प्रदर्शनमा आएको नेपाली चलचित्र बुलबुलको पोस्टरमाथि प्रहरी नजर परेको छ । पोस्टरमा रक्सीको एउटा ब्रान्डको प्रचार गरेको गुनासो आएपछि प्रहरीले राजधानीका विभिन्न स्थानमा टाँसिएका पोस्टर हटाउन निर्देशन दिएको छ । कानूनतः मदिराको विज्ञान गर्न नपाइने भन्दै काठमाडौं प्रहरी परिसर, टेकुले पोस्टर हटाउन निर्देशन दिएको हो । परिसरका डीएसपी होविन्द्र बोगटीका अनुसार आइतबार चलचित्रका निर्देशक विनोद पौडेल र प्रोड्यूसर अविरल थापालाई बोलाएर पोस्टर हटाउन भनिएको छ । परिसरमा भएको छलफलपछि निर्माण पक्षले पोस्टर हटाउने प्रतिबद्धता समेत जनाएको प्रहरीको भनाइ छ । फिल्ममा स्वस्तिमा खड्का, बुद्धि तामाङ लगायतले अभिनय गरेका छन् ।

## पलैंटी श्रृंखला सुरू हुने

लघु-सांगीतिक कार्यक्रम 'पलैंटी शृंखला' फेब्रुअरी महिनादेखि शुरु हुने भएको छ । लामो अन्तरालपछि शुरु हुन थालेको पलैंटीको आन्तरिक तयारी पूरा भइसकेको जानकारी नेपालयले गराएको छ । सन् २००५ बाट थालिएको पलैंटीको मञ्चमा नेपाली आधुनिक गीत, संगीत क्षेत्रका अधिकांश सर्जकहरू प्रस्तुत भइसकेका छन् । पलैंटीले नेपाली आधुनिक संगीतमा चर्चित र लोकप्रिय रहेर पनि दर्शक, श्रोता सामु एकल प्रस्तुति गर्ने मौका नजुरेका र ओझेलमा रहेका कलाकारहरूलाई प्रस्तुत गर्दै आएको छ । अँग्रेजी महिनाको अन्तिम शुक्रबार एक दिन मात्र हुने गरेको पलैंटी कार्यक्रम यस पाली भने महिनाको अन्तिम सप्तान्त- शुक्रबार, शनिबार र आइतबार गरी तीन दिन र त्यसपछिका महिनामा दर्शकको प्रतिक्रिया र चासोको आधारमा एक हप्तासम्म आयोजना गर्ने योजना रहेको कुरा नेपालयले जानकारी गराएको छ ।

'लामै ग्यापपछि पलैंटी थालिँदै छ । साँच्चै भन्दा जुन कलाकारहरूलाई ध्यानमा राखेर पलैंटी शुरु गरिएको थियो, ती कलाकारहरू प्राय सबै पलैंटीमा समावेश भइसकेका छन् । यही क्रममा पलैंटी सांगीतीक कार्यक्रम मात्र नरही, कला संगीतका पारखीको भेट्ने बाहना र थलोको रुपमा पनि स्थापित हुँदै गयो । त्यसैले हामीले उहाँहरूकै आग्रहमा पलैंटीको प्रस्तुतिकरणलाई परिमार्जित गरी पुनः शुरु गर्न लागेका हौं ।' पलैंटी संयोजक आभासले भने ।

## दयाहाङलाई "सुपरस्टार" को ट्र्याग

केही दिन अगाडि मात्र नायक अनमोल केसीलाई 'मेघास्टार'को ट्र्याग दिदै चलचित्र 'ए मेरो हजुर ३' को टिजर सार्वजनिक भएको थियो । अब, नायक दयाहाङ राइलाई 'सुपरस्टार'को ट्र्याग दिदै चलचित्र 'आप्पा'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'साँझ परेपछि' बोलको गीतमा अनमोल गुरुङको शब्द तथा संगीत छ भने अनमोल र स्नेहश्रीको स्वर छ ।

आउँदो बर्षको जेठ २४ गतेबाट रिलिज हुन लागेको यो चलचित्रले बाबु र छोराको सम्बन्धको कथालाई उठान गरेको छ । चलचित्रलाई अनमोल गुरुङले निर्देशन गरेका छन् । माउन्टेन स्टोरिज प्रोडक्शन र सिनेमा आर्टस्को संयुक्त ब्यानरमा निर्माण भएको यो चलचित्रमा रुदेन सादा लेप्चाको लगानी छ । चलचित्रमा दयाहाङ राई, सिद्धान्त राज तामाङ, अल्लोना काबो लेप्चाका साथमा तुलसी घिमिरे, अरुणा कार्की लगायतको मुख्य भूमिका छ ।

## "खाग" को ट्रेलर सार्वजनिक

मौलिक कथामा फिल्म निर्माण गर्न माहिर मानिने निर्देशक मनोज पण्डित निर्देशित फिल्म 'खाग' को ट्रेलर सार्वजनिक भएको छ । सोमवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलरमा गैंडा संरक्षणका लागि भएको प्रयासको कथा भनिएको छ ।

कमलजंग कुँवर लिखित 'गैंडालाई चार वर्ष' पुस्तकमाथि निर्माण भएको फिल्ममा प्रविण खतिवडा प्रमुख भूमिकामा छन् । उनी फिल्ममा लेखक कुँवरको भूमिकामा छन् । निर्देशक पण्डित, पुस्कर गुरुङ, अशान्त शर्माको पनि यसमा अभिनय छ ।

फागुन २४ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्मले एउटा व्यक्तिको संघर्षको कथा भन्ने निर्देशक पण्डितले बताए ।

ट्रेलर रिलिज कार्यक्रममा फिल्मसँग सहकार्य गरेको इ-सेवाले 'रिभ्यू कन्टेस्ट' पनि घोषणा गरेको छ । प्रदर्शनको दिन फागुन २४ गतेदेखि २७ गतेसम्म फिल्मको रिभ्यू लेखेर पठाउने मध्येबाट प्रथमलाई १० हजार, दोस्रोलाई ५ हजार र तेस्रोलाई २५ सय प्रदान गरिनेछ । दीपक बज्रचार्यको छायांकन रहेको फिल्मलाई पदम तिमल्सिनाले सम्पादन गरेका हुन् । फिल्मलाई प्रमिला कुँवरले निर्माण गरेकी हुन् । 'खाग' को ट्रेलर रिलिज कार्यक्रममा फस्टलुक पोस्टर पनि सार्वजनिक गरिएको थियो ।

*अनलाइनहरुबाट*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Fritter = खेरफाल्नु As he has nothing to do, he fritters away his time in idle conversation (उसको गर्ने काम केही नभएको हुँदा ऊ आफ्नो समय अल्छिलाग्दो कुरा गरेर बिताउँछ)

Gratify = खुसी पार्नु His success in the job gratified his parents very much (उसले जागिरमा पाएको सफलताले उसको बाबुआमालाई निकै खुसी तुल्यायो)

Hireling = कामदार I do not want to deal with hirelings rather directly with chiefs म कामदारहरूसँग नभै सिधै हाकिमसँग कामको छिनोफानो गर्न चाहन्छु)

Innocuous = हानी नगर्ने A glass of wine with dinner is always innocuous and thus has no ill effect (बेलुकाको खानासँगको एक गिलास फलफूलको रक्सीले कुनै हानी गर्दैन)

Loiter = हल्लिरहनु The policemen suggested him not to loiter in the restricted area (निषेधित क्षेत्रमा नहल्ली रहन प्रहरीले उसलाई सल्लाह दिए)

Muggy = न्यानो तर सुख्खा The month of April in Kathmandu is muggy (चैत्र महिनामा काठमाडौंमा न्यानो तर सुख्खा हुन्छ)

Nether = तलको, Underwears are nether garments (कट्टु तलतिर लगाउने लुगा हुन्)

Ossify = परिवर्तन भई हाडजस्तो कडा हुनु His idea has ossified into strong belief (उसको विचारधारा परिवर्तन भई गहिरो विश्वासमा परिणत भएको छ)

Prodigal = लापरबाहीपूर्वक खर्च गर्ने प्रवृत्ति He will not be so prodigal about spending money when he himself will start earning (जब ऊ आफैंले कमाउन थाल्नेछ तब लापरबाहीपूर्वक खर्च गर्ने छैन)

Quack= ठग Do not be misled by such a quark, he can not cure you (यस्तो ठगको विश्वास नगर उसले तिमीलाई निको पार्न सक्नेछैन)

## कवितामा प्रेम

काठमाडौं । आरम्भ साहित्य मञ्च प्रणय दिवस उपलक्ष्यमा भव्य कार्यक्रमको आयोजना गर्‍यो । 'कवितामा प्रेम' शीर्षकमा करिब दुई दर्जन श्रष्टाहरुले प्रेमिल गीत, गजल, मुक्तक र कविताहरु सुनाए । प्रेम ओली ढकलपुरेको अध्यक्षता तथा ज्ञानुवाकरको प्रमुख आतिथ्य भएको उक्त कार्यक्रममा पुन्य आचार्य, रुद्र अधिकारी, प्रकाश बस्नेत, कलनिधि दाहाल, लक्ष्मी प्रसाईं, द्वारिका कुइँकेल, विमला, निर्मल पराजुली, रविन्द्र अशिश शैली, जनार्दन धड्कन, प्रीति कौर, मुकुन्द न्यौपाने, रश्मी रिमाल, भुवन शिवाकोटी, तारा केसी, देवकी तिमिल्सिना, थरेन्द्र बराल, प्रभाकर पाण्डे, पदम दोङ, लीलाधर पाण्डे लगायतले आफ्ना रमाइला प्रेमिल रचना सुनाएका थिए ।






SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## Make बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Make or break somebody/something = सफल वा असफल केही न केही हुनु The Council's decision will make or break the local theater परिषदको निर्णयले स्थानीय नाटक वा नाच सफल वा असफलमध्ये केही न केही गराउनेछ ।

Make love = यौन सम्बन्ध राख्नु There are many who make love for the sake of money पैसाकै लागि यौन सम्बन्ध राख्नेहरु थुप्रै छन् ।

Make merry = रमाइलो गर्नु Working always can be tidious so making merry is essential sometimes सधैं काममात्रै गरिराख्नु वाक्कलाग्दो हुन सक्छ त्यसकारण कहिलेकाहीं रमाइलो गर्नु आवश्यक छ ।

Make after somebody = कसैको पिछा लाग्नु The policemen made after the burglars for two hours दुई घण्टासम्म प्रहरी चोरको पछि लागिनै रह्यो ।

Make after something = केही कुराको पछि लाग्नु There are many who make after money पैसाको पछि लाग्ने धेरै छन् ।

Make at somebody = कसैलाई हमला गर्नु He tried to make at me with a knife उसले मलाई चक्कुले हमला गर्न खोज्यो ।

Make away with oneself = आत्महत्या गर्नु Courageous people never make away with themselves धैर्यवान मान्छेले कहिले आत्महत्या गर्दैन ।

Make away (off) with something = चोरेर भाग्नु While making away with jewels, policemen cought him गरगहना चोरेर भाग्दा प्रहरीले उसलाई समात्यो ।

Make for somebody = कसैको लागि बनाउनु God has made you for me ईश्वरले तिमीलाई मेरै लागि बनाएको हो ।

## सुडोकु-अंक १३९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७ | | ५ | | | | | |
| | | | | | ७ | ३ | | ८ |
| | ३ | ५ | | ९ | | २ | | |
| | ५ | | | ७ | | | | १ |
| | | ४ | ६ | | ९ | ७ | | |
| ७ | | | | ४ | | | ८ | |
| | | ९ | | १ | | ६ | २ | |
| १ | | २ | ७ | | | | | |
| | | | | | ५ | | १ | |

## अंक १३८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ८ | ५ | १ | ६ | २ | ७ | ४ | ९ |
| १ | ९ | ४ | ५ | ८ | ७ | ३ | ६ | २ |
| ६ | २ | ७ | ४ | ९ | ३ | ८ | ५ | १ |
| ५ | ६ | १ | ९ | ३ | ४ | २ | ७ | ८ |
| ७ | ३ | २ | ६ | ५ | ८ | १ | ९ | ४ |
| ९ | ४ | ८ | २ | ७ | १ | ६ | ३ | ५ |
| ४ | ७ | ३ | ८ | २ | ९ | ५ | १ | ६ |
| ८ | १ | ६ | ७ | ४ | ५ | ९ | २ | ३ |
| २ | ५ | ९ | ३ | १ | ६ | ४ | ८ | ७ |

# निरिह DSB !!

**सुधा कार्ला**

Dispute Settlement Board (DSB) विश्व ब्यापार संघ (WTO) को न्यायिक र कार्यकारी अंग हो । न्यायिक यसकारण हो कि यसका एक सदस्य राष्ट्रमाथि अर्को सदस्य राष्ट्रले यसका नियम विपरीत वस्तुमा आयात भन्सार लगाएको कारण उनीहरुबीच परेको झगडामा उजुरी सुन्ने र न्याय दिने कार्य गर्दछ भने कार्यकारी यसकारणले हो कि यसले आफूले गरेको फैसला सम्बन्धित राष्ट्रले कार्यान्वयन गर्छ गर्दैन, सदस्य राष्ट्रले कतै यसको नियम विपरीत आयात निर्यात ब्यापार पो गरिराखेका छन् कि छैनन त्यस्को सुपरिवेक्षण गरी आफ्ना नियमहरु कार्यान्वयन गर्न लगाउँछ ।

यो DSB को गठन WTO को महासभाले (General Council) निर्वाचनको माध्यमबाट गर्दछ । जुन राष्ट्रहरु यसमा चुनिन्छन्, त्यस राष्ट्रको राजदुतहरुले यस DSB मा आफ्नो देशको प्रतिनिधित्व गर्दछ र न्याय सम्पादन र कार्यकारी काम गर्न लगाउँछन् । यस DSB मा एक सदस्य राष्ट्रले अर्को सदस्य राष्ट्रमाथि WTO को नियम मिची आयात निर्यात जस्ता कार्य गरेको कारण आफ्नो देशलाई मर्का पर्दा उजुरी गर्ने र सो गर्दा आफ्नै खर्चमा वकिल लगाउनुपर्ने हुन्छ । यस्ता वकिलहरु अन्तर्राष्ट्रिय स्तरका कर्पोरेट कानुनका विशेषज्ञ हुने हुँदा उनीहरुको वकालती शुल्क ज्यादै उच्च स्तरको महँगो हुने गर्दछ । यसको कारण विश्व ब्यापार संगठनका अति गरिब सदस्य राष्ट्रहरुले मर्का परेकै अवस्थामा पनि DSB मा उजुरी गर्ने आँट गर्न सक्दैनन् र अन्याय सहनुबाहेक उनीहरुको लागि अर्को विकल्प हुँदैन । उदाहरण नेपाल र टर्कीबीचको झगडालाई लिन सकिन्छ । नेपाल र टर्की दुवै आफ्नो देशमा उनी गलैंचा उत्पादन गरी निर्यात गर्ने प्रमुख देशभित्र पर्दछन् । सन् २००० को दशकको शुरुमा टर्कीले नेपालबाट आफ्नो देशमा नेपाली गलैंचा आयात गरी त्यसलाई फेरि अन्य देशमा निर्यात गर्न थाल्यो ।


टर्कीका गलैंचा उद्यमीहरुलाई आफ्नो देशमा गलैंचा उत्पादन गरी निर्यात गर्नुभन्दा नेपालबाट सस्तोमा गलैंचा आयात गरी निर्यात गर्दा बढी फाइदा हुने भएपछि उनीहरुले विस्तारै आफ्नो गलैंचा उद्योग बन्द गरी नेपालबाट आयात गर्दै फेरि अन्य देशमा निर्यात गरी बढी नाफा कमाउन थाले । यसको फलस्वरुप सन् २००३।४ तिर आइपुग्दा टर्की जर्मनी र अमेरिकापछि नेपालको गलैंचा आयात गर्ने तेस्रो ठूलो मुलुक बन्न पुग्यो । त्यसताका टर्कीले नेपालबाट १ लाख वर्गमिटरभन्दा बढी गलैंचा आयात गर्न थाल्यो । स्वदेशी गलैंचा उद्योग बन्द गरी नेपालबाट आयात गरी निर्यात गरेको कारण टर्कीका धेरैजसो गलैंचा उद्योगहरु बन्द भए भने बाँकी रहेका गलैंचा उद्योगबाट उत्पादन भएका गलैंचाहरु पनि नेपाली गलैंचाभन्दा महँगो हुने कारण निर्यात हुन नसकी थुप्रन गयो । यसरी बिक्री नभै थुप्रने कुरालाई अंग्रेजीमा Dumping भनिन्छ । स्वदेशका गलैंचा बिक्री नभई Dumping हुने तर नेपालका गलैंचा आयात भई पुनः निर्यात भएको कारण टर्कीमा धेरै गलैंचा बुनकरहरुले आफ्नो रोजगार पनि गुमाए ।

एकातर्फ गलैंचा उद्योग बन्द हुनु अनि अर्कोतर्फ देशमा बेरोजगारको संख्या बढेको कारण टर्की सरकारले विश्व ब्यापार संगठनको नियम विपरीत नेपाली गलैंचाको टर्कीमा आयात नियन्त्रण गर्न Anti Dumping Law (ADL) लगायो । जसअनुरुप प्रतिवर्गमिटर नेपाली गलैंचाको आयातमा उसले असिदेखि शतप्रतिशतसम्म भन्सार लगाइदियो जसको फलस्वरुप टर्कीमा नेपाली गलैंचा त्यहाँको स्वदेशी गलैंचाभन्दा महँगो हुन गयो र आयात फेरि १ लाख वर्गमिटरबाट घटेर १०।१५ हजारको हाराहारी ओर्लियो । नेपाली गलैंचामाथि यसरी ADL लगाउनु विश्व ब्यापार संगठनको नियम विपरीत थियो । तर नेपालले यस विरुद्ध DSB मा उजुरी गर्न सकेन । किनकी न नेपालसँग त्यस किसिमका दक्ष कर्पोरेट वकिलहरु नै थिए न उसले महँगा विदेशी वकिल लगाउन सक्थ्यो । दुवै नभएको कारण नेपाल निरीह भएर टर्कीले लगाएको ADL सहनु पर्‍यो ।

त्यस्तै अर्को उदाहरण अमेरिका र युरोपेली आयोगबीचको ब्यापार विवाद रहेको छ । अमेरिका र युरोपेली आयोगबीचको ब्यापारमा अमेरिकालाई बेस्सरी घाटा भएको कारण अमेरिकाले युरोपबाट अमेरिका आयात हुने धातुजन्य वस्तु र मोटरगाडीहरुमा विश्व ब्यापार संगठनको नियम विपरीत आयात भन्सार लगाएपछि युरोपेली आयोग क्रोधित बन्दै अमेरिका विरुद्ध DSB मा उजुरी गर्‍यो । DSB ले वादी प्रतिवादीको कुरा सुनेर युरोपको पक्षमा निर्णय गर्‍यो । त्यो निर्णयलाई अमेरिकाले मानी आयात भन्सार खारेज गर्नुपर्ने थियो तर अटेर गर्‍यो । अमेरिकाले गरेको यो अटेरी विरुद्ध युरोपेली आयोगले आफ्नो फैसला कार्यान्वयन गराउन DSB लाई दबाब दियो । DSB ले अमेरिकालाई फैसला मान्न अनुरोध गर्दा अमेरिकाले नमानेपछि DSB ले युरोपेली आयोगलाई जस्तालाई तेस्तै ढिंडोलाई निस्तै (Law of Reciprocity) अनुरुप अमेरिकाबाट युरोप आयात हुने वस्तुहरुमा त्यही दरमा त्यतिकै भन्सार लगाउनु भन्ने निरीह जवाफ युरोपेली आयोगलाई दिएपछि WTO र यसको न्यायालय मानिने DSB खाली कमजोर राष्ट्रहरुका लागि मात्र लागू हुने अवस्था देखिदा WTO कै भविष्य खतरामा पर्ने देखियो ।









# यी हुन् विश्वका धनाढ्य शासक

**डोनाल्ड ट्रम्प : अमेरिकी राष्ट्रपति**

राजनीतिमा आउनुअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प व्यवसायमा संलग्न थिए । उनको कुल सम्पत्ति ३ दशमलव १ बिलियन अमेरिकी डलर छ । रियल स्टेटमा ट्रम्पको ठूलो लगानी छ । गल्फ कोर्स, विभिन्न क्लब, आवासीय घरहरू र अन्य विलासी सामग्रीका व्यापारमा उनले ठूलो लगानी गरेका छन् । राष्ट्रपति बन्नुअघि ग्लोबल होटेल म्यानेजमेन्ट, ब्रान्डिङ र प्रडक्ट लाइसेन्सिङ व्यवसायमा प्राप्त सफलताले उनलाई चर्चामा तानेको थियो ।

**भ्यादिमिर पुटिन : रूसी राष्ट्रपति**

सन् २००० मा बोरिस यल्तसिनले अकस्मात् राजीनामा गरेपछि भ्यादिमिर पुटिन रुसको राष्ट्रपति बनेका थिए । त्यसयता, केजिबीका पूर्वएजेन्ट पुटिन कहिले राष्ट्रपति त कहिले प्रधानमन्त्रीका रूपमा निरन्तर सत्तामा छन् । अहिले उनी राष्ट्रपतिको चौथो कार्यकाल हाँकिरहेका छन् । देशका ठूला तेल कम्पनीहरूमा उनको लगानी रहेको बताइन्छ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूको अनुमानमा उनीसँग कम्तीमा ४० र बढीमा २ सय बिलियन अमेरिकी डलर सम्पत्ति छ । यद्यपि, पुटिन यो स्विकार्न तयार छैनन् ।

**किम जोङ उन : उत्तर कोरियाली नेता**

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनबारे धेरै कुरा गोप्य नै छन् । त्यसैले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरू उनका विषयमा विशेष चासो राख्छन्, अनेक अनुसन्धान र अनुमान गर्छन् । दक्षिण कोरिया र अमेरिकाले एकपटक गरेको अनुसन्धानले उनको सम्पत्ति ५ बिलियन डलर रहेको तथ्य सार्वजनिक गरेको थियो । रुस, चीन र स्विट्जरल्यान्डमा उनको सम्पत्ति रहेको जानकारी अनुसन्धान टोलीले दक्षिण कोरियाली पत्रिका चोसुनइल्बोलाई दिएको थियो । सन् २०११ मा पिताको निधनपछि उनले सत्ता सम्हालेका थिए ।

**एलिजाबेथ : बेलायती महारानी**

महारानी एलिजाबेथ द्वितीय बेलायतमा सबैभन्दा लामो समयसम्म शासन गर्ने व्यक्ति हुन् । उनीसँग ६ सय मिलियन अमेरिकी डलरबराबरको व्यक्तिगत सम्पत्ति रहेको अन्तर्राष्ट्रिय मिडियाको अनुमान छ । ६५ मिलियन अमेरिकी डलरबराबरको घर र १ सय ४० मिलियनबराबरका पुरातात्विक सम्पदा उनका नाममा छन् । घोडा दौडमा महारानीको ठूलो सौख छ । उनको स्वामित्वमा रहेका महँगा घोडाहरूले अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक जितेका छन् ।

**हसनल बोल्किया : ब्रुनाईका सुल्तान**

ब्रुनाईका सुल्तान तथा प्रधानमन्त्री हसनल बोल्किया संसारका धनाढ्य शाही व्यक्तिमध्ये एक हुन् । उनीसँग २० बिलियन अमेरिकी डलरबराबरको सम्पत्ति छ । ब्रुनाईका अधिकांश नागरिकले कडा मुस्लिम कानुन पालना गर्नुपर्ने भए पनि शाही परिवारले विलासी जीवन जिउँछ । महँगा कार, युवती र मदिराको अन्त्यहीन पार्टी उनीहरूको दैनिकी हो । सुल्तानसँग आफ्नो स्वामित्वमा पोलो खेलमा प्रयोग हुने सयौँ घोडा छन् ।

**महा बज्रलंगक्रोन : थाइल्यान्डका राजा**

अक्टोबर २०१६ मा आफ्ना पिताको निधनपछि महा बज्रलंगक्रोनले थाइल्यान्डको राजगद्दी सम्हालेका हुन् । उनले आफ्ना ८८ वर्षीय बाबुको गद्दी मात्रै होइन, ३० बिलियन अमेरिकी डलरबराबरको सम्पत्तिसमेत प्राप्त गरे । यसले उनलाई संसारका धनी राजामध्येको सूचीमा उभ्याएको छ ।

**मस्वाती थर्ड : स्वाजिल्यान्डका राजा**

मस्वाती थर्ड अफ्रिकी देश स्वाजिल्यान्डका राजा हुन् । दक्षिण अफ्रिका र मोजाम्बिकको बीचमा रहेको यस भूपरिवेष्टित मुलुकको कार्यकारी अधिकार उनकै हातमा छ । उनको सम्पत्ति सार्वजनिक भएको छैन । फोर्ब्सका अनुसार उनले सार्वजनिक कोषबाट एकै वर्षमा ५० मिलियन आम्दानी गरेका छन् । जब कि, उनको देशको ६५ प्रतिशत जनसंख्याको प्रतिव्यक्ति आम्दानी दैनिक १ दशमलव २५ डलरभन्दा कम छ । देशका धेरै कम्पनीमा उनको ठूलो सेयर छ । उनी विलासी जीवनका कारण विवादमा तानिन्छन् । राम्री युवती देखेपछि आफ्नो बनाइहाल्छन् । १५ पटक विवाह गरेका मस्तावी २३ सन्तानका पिता हुन् ।

**खालिफा बिन : अबुधावीका राजा**

अबुधावीका राजा तथा संयुक्त अरब इमिरेट्स (युएई)का राष्ट्रपति खालिफा बिन जायद अल नाहयन संसारका धनाढ्य शासकमध्ये एक हुन् । तेल व्यापारी नाहयनसँग कम्तीमा १८ बिलियन अमेरिकी डलरबराबरको व्यक्तिगत सम्पत्ति छ । शाही कोषको ८ सय ३० बिलियन सम्पत्तिमा उनकै राज चल्छ । फोर्ब्सले सन् २०१८ का शक्तिशाली व्यक्तिहरूको सूचीमा उनको नाम ४३औँ स्थानमा राखेको छ ।

**अब्दुल्लाह : जोर्डनका राजा**

जोर्डनका राजा अब्दुल्लाह दोस्रोसँग ७ सय ५० मिलियनबराबर सम्पत्ति छ । सन् १९९९ मा आफ्नो निधन हुनुभन्दा केही समयअघि मात्रै बाबु (राजा हुसैन)ले अब्लुल्लाहलाई उत्तराधिकारी घोषणा गरेका थिए । धेरै सम्पत्ति भए पनि अब्दुल्लाह विलासी जीवन बिताउँदैनन् । उनीसँग आठवटा भव्य दरबार छन् ।

**मोहमद बिन रसिद : दुबईका राजा**

घोडा दौडमा ठूलो लगानी गरेका दुबईका राजा मोहमद बिन रसिद अल माकटोउम संसारका धनाढ्य शासकमध्ये एक हुन् । उनको सम्पत्ति १४ बिलियन अमेरिकी डलर छ । उनी युएईका प्रधानमन्त्री पनि हुन् ।

*एजेन्सीको सहयोगमा*

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## १९ अर्ब...

निवारण गर्न जीविकोपार्जनका लागि विगत १५ वर्षदेखि ठूलो लगानी गर्दै आएको छ । तर त्यसको प्रतिफल न्यून छ । कोषले लगानीका लागि ३२ हजार १९६ सामुदायिक संस्थासँग सम्झौता गरेको छ भने कोषबाट हालसम्म घुम्ती कोषमा १९ अर्बको लगानी गरेको छ। ९ सय २८ संस्थाले प्रथम किस्ताको रकम लिएपछि दोस्रो किस्ताको रकम लिन कोषमा आएनन् ।

सामुदायिक संस्थासँग ३७ करोड ९६ लाखको सम्झौता भएकोमा प्रथम किस्तामा २९ करोड ४१ लाख रकम भुक्तानी भएको छ भने दोस्रो किस्ताको रकम ८ करोड ५५ लाख लिन नआएबाट कोषबाट प्रवाह भएको रकमको दुरूपयोग भएको देखिन्छ।

डेढ दशकको अवधिमा कोषले ३३ अर्ब ४६ करोड बढी लगानी भइरहेको छ । त्यति धेरै बजेट भए पनि मुलुकको गरिबीको अवस्था जस्ताको जस्तै छ । गरिबी निवारण गर्नका स्थापना भएको कोषमा भ्रष्टाचार र अनियमिततामा फसेको छ ।

## सरकारका...

गर्ने कुनै ग्यारेन्टी छैन । उक्त कम्पनीको रकम भुक्तानी दिलाएर २५ करोड कमिसन हात पार्ने दाउमा मन्त्रीको टिम संलग्न भएको एक सूत्रले जानकारी गराएको छ । ठेकेदारलाई फर्काउन समितिका उपकार्यकारी निर्देशक भोजविक्रम थापा, उपसचिव गुणराज श्रेष्ठ, मन्त्री मगरका स्वकीय सचिव विजयदेव भट्टराईले सिंगापुरमा गएर ठेकेदार कम्पनीका प्रतिनिधिहरुसँग बार्ता समेत गरेका थिए । ठेकेदार कम्पनीले धरौटी लगायतको सबै रकम काम थाल्नुअघि नै भुक्तानी मागेको छ ।

करिब ९० प्रतिशत काम सम्पन्न भइसकेको मेलम्ची खानेपानी आयोजना पूरा हुने बेलामा कमिसन विवादकै कारण ठेकेदारलाई भगाउने अवस्था सिर्जना गर्ने पात्रहरुका बारेमा समेत छानबिन हुन आवश्यक छ । अहिले काठमाडौं उपत्यकाका जनताको पानी पिउने सपनाका रुपमा रहेको मेलम्ची आयोजनाको ठेकेदारसँगको विवाद निल्नु न ओकल्नुको अवस्थामा पुगेको छ । नयाँ ठेकेदार नियुक्त गरेको अवस्थामा सीएमसी अन्तर्राष्ट्रिय अदालत जान सक्ने सम्भावना उत्तकै रहेको छ भने उसका सबै शर्त मानेर पहिल्यै रकम भुक्तानी गर्दा कामै नगरी टाप कस्ने सम्भावना उत्तिकै प्रबल रहेको छ ।

उता सीएमसीले उदारोमा काम लगाएका नेपाली ठेकेदारहरुको झन्डै डेढ अर्ब भुक्तानी बाँकी रहेको र उक्त रकम भुक्तानी नदिएसम्म साइडमा जुनसुकै ठेकेदार आए पनि काम अघि बढाउन मुश्किल छ । त्यसैले कमिसनको विवादले कचल्टिएको मेलम्चीको समस्या सुल्झाएर काम सुचारु गराउन निकै ठूलो समस्याको पहाड फोर्नुपर्ने भएको छ ।

यसैगरी भ्रष्टाचार र आर्थिक अनियमितताकै कारण मुलुकभर ६२३ वटा आयोजनाहरु लथालिंग अवस्थामा पुगेका समाचार समेत सार्वजनिक भएका छन् । यी आयोजनाहरु बीस अर्ब ७६ करोडका रहेका छन् । अख्तियारले गरेको अनुसन्धानले पनि धेरै आयोजनाहरु अलपत्र परेको देखाएको छ । सरकारले दिएका ९०६ ठेक्कामध्ये ६२३ अलपत्र परेका छन् । विभिन्न ठेकेदार कम्पनीहरुले मोबिलाइजेसन वापतको पैसा लिएर काम नगरी अलपत्र पारेका छन् । त्यसैगरी बजेट अभाव, डिजाइन समयमा स्वीकृत नहुनु र मुद्दा मामिलाका कारणले पनि आयोजना अलपत्र पर्ने गरेका छन् । सडक, पुल, भवन, सिंचाइ जस्ता विकास निर्माणका काम अलपत्र पार्ने ठेकेदार र सम्बन्धित निकायका कर्मचारीहरुबारे छानबिन हुन आवश्यक छ ।

भ्रष्टाचारको सर्वव्यापकताका समाचारले दिनहुँ सञ्चारमाध्यममा गतिलै स्थान पाउने गरे तापनि सरकारको ध्यानाकर्षण हुन सकेको छैन । सरकारका मन्त्रीहरु आफैं भ्रष्टाचार र कमिसनको जालोमा बेरिएका कारण मुलुक बर्बादीतर्फ गइरहेको छ । कसरी हुन्छ देश बर्बाद पारेर व्यक्तिगत सुखसुविधा वृद्धितर्फ मात्र ध्यान दिने हो भने जनतामा घोर निराशा पैदा हुने निश्चित छ ।

सरकारको ध्यान मुलुकमा सुशासन कायम गराउने र विकासलाई गति दिनेभन्दा अन्यत्रै मोडिएको पाइन्छ । प्रधानमन्त्रीले चोक चोकमा रंगीन पोस्टर टाँगेर गरेको सामाजिक सुरक्षा अभियान, पानीजहाज कार्यालय उद्घाटन, बेरोजगार भत्ता घोषणा जस्ता कुरा सहज रुपमा पूरा हुने होइनन् । युवालाई रोजगारी सिर्जना गर्ने वातावरण बनाउनुभन्दा भत्ता दिएर निष्क्रिय बनाउने सोच राम्रो होइन । ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई भत्ता दिन नसक्ने सरकारले लाखौं बेरोजगार युवालाई भत्ता दिन्छु भन्नु पत्याउने कुरा होइन ।

सुशासनको मामलामा निरन्तर स्खलित बन्दै गएको सरकारको कर्मचारीतन्त्रमा भ्रष्ट मनोवृत्ति अझ झाँगिएको छ । फोहोरी मुहानदेखि स्वच्छ जल प्रवाहको कल्पना गर्न सकिँदैन । विकासे अड्डादेखि जनताको प्रत्यक्ष काम पर्ने भूमिसुधार, मालपोत, नापी, यातायात, श्रम अझै भ्रष्टाचारका अखडाका रुपमा चिनिन्छन् । एयरपोर्टबाट कयौं कुइन्टल सुन निर्वाध रुपमा भित्र्याउने कर्मचारी अहिले वैदेशिक रोजगारबाट फर्किनेका झोला पोका खोतल्न र घरमा ल्याएको कोसेली जफत गरेर बहादुरको बखान गरिरहेका छन् । वैदेशिक रोजगारको रेमिट्यान्सले धानिएको सरकारले श्रमिकमाथि एयरपोर्टमा गरेको अत्याचारको सामाजिक सञ्जालमा चर्को विरोध भइरहेको छ । राष्ट्रपतिको १८ करोडको कारगेड, डेढ अर्बको हेलिकप्टरदेखि लिएर स्थानीय तहका जनप्रतिनिधिले खरिद गरेका महँगा गाडीसम्मको चर्चा सर्वत्र चलिरहेकै छ । समयमा विकासको काम नगर्ने र असारे विकासमा बल गर्ने प्रवृत्ति रोकिएको छैन । त्यसैले सरकारको सुशासनको नारामा गम्भीर प्रश्न चिन्ह खडा भएको छ ।

## कन्सल्टेन्सीले...

रहेका छन् । अल्फाबिटा, कंगारु, सनराइज, चितवनको प्लानेट, अक्फोर्ड कन्सलटेन्सी, निरवाना, काठमाडौं इन्फोसिस, मर्सी एजुकेसन, एमपल्स एजुकेशन, क्याथफोर्ड एजुकेशन, इसान एजुकेशनलगायत ५० वटा कन्सल्टेन्सीले अष्ट्रेलियाको उक्त कलेजमा विद्यार्थी पठाएका थिए । कलेज खारेजी भएसँगै यहाँ अध्ययनरत विद्यार्थीलाई भिसाको समेत समस्या परेको छ ।

पीडित विद्यार्थीको सम्बन्धमा शिक्षा मन्त्रालयले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी अष्ट्रेलियन सरकारसँग कुरा गर्ने भएको छ । १२ सय विद्यार्थीको भविष्य बर्बाद पार्ने कन्सल्टेन्सीहरुले एकजना विद्यार्थी बराबर ५ लाखसम्म कमिसन खाएको पीडित विद्यार्थीहरुले बताएका छन् । अभिभावकले घरबार बन्धक राखेर लाखौं लगानी गरी अष्ट्रेलिया पठाएका छोराछोरीको भविष्य त बिग्रियो नै साथै ऋणको भारीले समेत नराम्रोसँग सधैंभरि थिचिरहने भयो ।

## कृषिमा...

विषादी प्रयोग गरेमा कारबाही गरिने उल्लेख छ । कृषि तथा पशुपन्छी मन्त्री चक्रपाणि खनालले पेश गर्नुभएको विधेयकको दफा ३१ मा जीवनाशक विषादी उत्पादन, संश्लेषण, आयात, निर्यात, व्यवसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसार पसार, प्याकिङ वा पुन प्याकिङ गरेमा कसुर ठहरिने उल्लेख छ ।

कसुर ठहरिने कार्य गर्नेलाई पाँच हजारदेखि दुई लाख रुपैयाँसम्म जरिवानाका साथै एक महिनादेखि एक वर्षसम्म कैद हुने व्यवस्था विधेयकले गरेको छ । प्रतिबन्धित विषादीको उत्पादन, निकासी, पैठारी तथा बिक्री वितरण गरेमा सबैभन्दा बढी दण्ड जरिवाना हुनेछ ।

विधेयकको दफा ३२ मा मानव तथा जीवजन्तुको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव पार्ने जीवनाशक विषादीको उत्पादन, निकासी, पैठारी, भण्डारण, बिक्री वितरण, ओसार पसार गरेमा पचास हजारदेखि दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । साथै विषादी उत्पादन, निकासी, पैठारी, बिक्री वितरण तथा भण्डारण गर्दा कुनै दुर्घटना भए सम्बन्धित व्यक्ति वा संस्थाले पीडितलाई तोकिए बमोजिमको क्षतिपूर्ति दिनुपर्ने व्यवस्था पनि विधेयकले गरेको छ ।

## चिनिया सेना...

युद्ध तयारीका लागि सुधारमा ध्यान केन्द्रित गरिनेछ । वास्तविक युद्धका क्रममा प्रयोगको कुनै औचित्य नभएका पक्षहरुमा सुधार गर्न कदम चालिने बताइएको छ । यसले सैन्य प्रशिक्षणका क्रममा कुप्रथा तथा अनुशासन भंग गर्ने परिस्थितिहरुको पहिचान गरी त्यसको विवरण पनि दिनेछ ।

दक्षिण चीन सागरमा आफ्नो दाबीमाथि पश्चिमा शक्तिहरुको चुनौती र त्यस क्षेत्रका अन्य छिमेकीहरुको दोहोरो दाबीका कारण चीनले त्यहाँ युद्धको सम्भावनालाई नकार्न सकेको छैन । स्वतन्त्र जलमार्गको प्रयोगको नाममा अमेरिकी युद्धपोतहरुको आगमन, ताइवानको मुद्दामा अमेरिकाको चीनविरोधी नीतिले पनि संघर्ष अन्तिम विकल्प हुन सक्नेमा बेइजिङ सशंकित रहेको छ । आफ्नो सम्प्रभूताको रक्षा र ताइवान एकीकरणलाई लिएर चीन कुनै सम्झौता गर्न तयार नभएको बेइजिङको स्पष्ट नीति रहेको छ । चीनले हालैका केही वर्षमा आफ्नो सेनालाई अत्याधुनिक बनाउन ठूलो लगानी गरिरहेको छ । जल, स्थल र वायुसेनालाई सशक्त र अत्याधुनिक हतियारबाट सुसज्जित बनाउने काम तीव्र गतिमा भइरहेको छ । हतियार प्रविधिमा फड्को मारिरहेको चीनले अमेरिकी सेनालाई विभिन्न मोर्चामा चुनौती दिँदै आइरहेको छ ।

# यात्रा संस्मरण/खोमदत्त बराल मथुरा वृन्दावन यात्रा-२

### ऐयरपोर्ट बोर्डिङ गेट

दिल्ली यात्राको लागि एयरपोर्टको बोर्डिङ्ग गेट नं २ मा आइएको छ । उहिले उहिले घर बस्ती नेपाल देख्ने भन्थे । अबको करिब २ घण्टा पछि मात्र उसजी ४६ को फ्लाइटबाट यात्रा हुन्छ । एयरपोर्ट भित्र पसेको एक घण्टामा मात्र टिकट जचाँएर सामान देखाएर आफ्नो ज्यान तौलेर प्रदर्शन गराएर अंग प्रत्यगं समेत छामछुम गरेर गराएर यहाँ सम्मको यात्रा तय भएको छ । यस समयमा पर्खाइ कोठामा बसिएको छ । कुर्सीको ब्यबस्था राम्रै रहेछ । सरकारको लागि कुर्सी तानातान र ठेलमठेला भए जस्तो यस ठाउँमा चाहिं त्यस्तो भएको छैन । कुइरेछु पनि प्रशस्तै छन् । embarhation बिभागमा सबै कुरा लेखेर दिए पछि नेपालीहरुको कागझ बुझाउने ठाउँमा general लेखेको भन्ने प्रश्न कर्मचारीमा सोद्धा बिचार थाहा छैन । प्रचलन भने आज पछि धेरै युवाहरु पकिस्तान एयरपोर्टको बाटो प्रयोग गरेर खाडी क्षेत्र जादैं रहेछन् । प्रदिप दाइको कलम प्रयोग गरेर एउटा युवाले फर्म भऱ्यो । कलम बोक्नुपर्छ भन्ने ज्ञानार्जन गर्न नभ्याउादै बिदेशी मुलुकमा देखान बन्न जानु पर्दाको पिडा कस्तो होला । बुझ्न सकेको देखिएन । काचों उमेर घरको के सम्पती बेचेर बिदेश लागेको होला । साउ काडेर पो हिडेको हो कि कति बर्षको कमाइले साउको ऋण तिर्न सकिएला । एउटै रहर बिदेश गएर पैसा कमाएर ल्याइएला भन्ने रहर मात्र होला । के कस्तो काम पाइन्छ निधो छैन । एउटा कुल बहादुर भन्ने केटालाई टिकट बेच्ने वालाले दुःख दिइरहेको कुरा त्यही लाइनमा थाहा पाइयो । कुन म्यान पावरको माध्यम प्रयोग गरेर जान लागेको होला । टिकट दिएर पनि प्लेनमा सिट मिलेन भनेर टिकट ओ.के. गर्न मानेको छैन भनेर कुलवहादुरले आफुसँगै जाने ठुला दाइलाई फोन गरेको मैले पनि सुने ती ठुला लाइलाई यो ट्युरिष्ट बस हो र । यो त प्लेन पो हो त टिकट बेचेर सिट छैन भनेर अल्मल्याउने । अर्को एउटा साथी भने भन्दैथ्यो । एक हजार रुपैयाँ थमाइ दियो भने टिकट कन्फर्म गरि हाल्छ नि , पनि भन्दैथयो । यस पंक्तिकारले पनि एक हजार दिइदा टिकट पाइन्छ भने संगै आएको साथिलाई संगै लानु नि त । तपाइहरु पनि कोशिष गरि दिनुहोस् भन्ने आग्रह यसले पनि गऱ्यो । साउदी अरब र दुबै जाने दईटा भाइसँग कुरा भयो । हाउस किपिङ्ग किचन वर्कसमा हिडेका भाइहरु रहेछन् । एक जना तराइ बासि भाइ पहिला पनि गएको रहेछ । छुट्टिमा आएको रे । अर्को भाइ पहाडे पनि तामाङ्ग भाइ रहेछ । गोरो कलकलाउँदो गाला भरी रगत भएको रातो केटा कमाइ ल्याउन हिँडेको भाई । दुःख कस्ट नभोगेको नादान भाइ ज्यादै गाई प्राणी भनेझैं । के गरेर कसरी कमाइ गरेर आउलान् । एक क्षण एयरपोर्टमा भेटेर सहानुभूतिका शब्दहरुले जनताको जीउ ज्यान चल्न गाह्रै पर्छ ।

रेष्ट रुम निकै पर रहेछ । तर एयरपोर्ट भित्र बस्दा भने नेपालले पनि केही गरेछ है भन्ने जस्तो लाग्यो । केही सुधार भएको छ । पहिला जादाँ भने कालोपत्रे भरी हिडेरै पार गर्ने ब्यबस्था थियो । अब भने छुट्टा छुट्टै गेट ब्यबस्था आउने जाने पनि अलि राम्रो पहिला बस पार्क जस्तो रहेको उयरपोर्ट केही हेर्न र भोग्नलाई राम्रो भएको मान हुन्छ । अं पानी खाने जारहरु पनि राखेको रहेछ । जार पानी उत्पादनहरुको सुग्घर सफाई र शुद्धता परिक्षित हो की होइन । बेग्लै कुरा हो । काठमाण्डौंमा रेष्टुरेन्ट हरुमा जार राखेर भित्र भने नालबाट खिचेको पानी खुवाए जस्तो होइन भन्न सकिने आधार त छैन । यति बेला त कता जाने प्राणीहरु हुन सेता मानिसहरु धेरै भेला भएका छन् । एउटी कुइरे केटी पढ्दैछ । उसका साथिहरु वरिपरि छन् । एउटा कुइरे आएर मेरै छेउको कुर्सीलाई बुट टेकेर पंक्तिकार पछिको लाइनमा बसेको छ । अंग्रेजी चाहि होइन । अरु नै भाषा बोलीरहेका छन् । दश बाह्र जनाको एउटा समुह छ । मोराहरु खाए लाएका गोरो छालाका ३०/३५ बर्षका हेर्दा पनि रहर लाग्दा छन् । यसै बेला हवापइ यात्राको आहवान भैसकेको छ । गेटतिर प्रस्थान भयो । गेटमा पनि चेक भयो । सबै कुरा छामछुम गऱ्यो । झोला जाँच भयो सामान भेटेमा कर्रर आवाज गर्ने मेसिन घुमायो । गाडीमा नै पचास मिटर पनि टाडा नभएको ठाउँबाट लग्यो । सायद भर्खरै आएको भारतीय नेता एसएम कृष्णाले विवाद उठाएको कारण ले हो कि करिब पाँच छ ठाउँमा चेकिङ्ग भयो । सधै होस गरेर बस्ने घरमा चोर आएको बेलामा होस् नपुऱ्याएको भन्ने उखान झैं एक पटक के कसरी हो तालेवानीले एयर इण्डियालाई कन्दाहार पुऱ्याएको थियो । सधैं नै तैले नभए तेरो बाबुले पानी धमिल्याएको भनेर आरोप लगाउन भारतिय ठालुहरुले नेपाली र नेपालका सरकारमा बसेका कमजोर प्राणीहरलाई हेप्नमा कहीं कतै कसर राख्दैनन् । सधै नै यो बहानामा निउ खोजेर हेप्न कम्मर कसि हाल्छन् ।

करिब आधा घण्टा ढिलो गरेर पाँच बजेर पच्चिस मिनेट जाँदा मात्र हवाइ जंहाज उडायो । हवाइ जहाज उडाउँना साथ हाम्रा नेपालका हावा जहाजमा त थालमा किस्तीमा चक्लेट र कपास अघि बढाउँथे केही छिन पछि छिया कफि या कसै कसैले त बदामको सानो प्याकेट समेत दिन्थे । थाइ एयर बेजमा त प्रशस्त खानाका परिकार र दारुका बिभिन्न किसिमका प्रकारहरु खुवाउँथे । स्वीडेनमा कोपेनहेगन पुग्न एक घण्टा पनि नलाग्ने ठाउँमा पनि बिहान उज्यालो हुदै सखा रै खानेकुरा खुवाएको थियो । तर यो मेरो स्पाइस जेटलेत केही पनि खुवाएन । पानी सानो बोतलमा माउन्ट कैलास लेखेर ३०० मि.लि पानी चाहिं अघि बढै सिटको अगाडि पट्टिको गोजिमा राखिदिएको रहेछ । अरुले झैं ट्रलिमा लगाएर खाने कुरा त ल्याएको थियो । तर पैसा लिएर घुम्ती पसल झैं बेच्दैं पो हिडेका रहेछन् । के हो नयां ब्यापार प्रणाली सुरु गरेको हो कि बिश्व ब्यापार संगठनको सायद हालसालै सुरु गरेको नया निति हो कि । उपभोक्ता र स्टेक होल्डरलाई ठग्ने बिभिन्न बहाना र निउ खोजेर यी साइ महाजनहरु अन्याय गर्छन् । सायद यो पंक्तिकारले दुई चार देशहरु घुम्दा पनि थाहा नपाएको यो कस्तो ब्यापार हो । स्पाइस जेटले यो नया परम्परा ठिक गरेन । कारण के पऱ्यो कि नि ? नेपालमा बैंक तथा बित्त संस्थाहरुको साधारण सभामा सेयरधनीहरुलाई यातायात खर्च दिने गरेको थियो । साधारण सभाबाट सही गर्न दुई जना प्रतिनिधिहरु समेत माग्थ्यो । तर ति सहि गर्न छानिएकाहरुले सहि गर्ने बेलामा बार्गेनिङ्ग गरेर आबस्यक भन्दा बढी नै पैसा माग गर्ने गरेको र भने जती पैसा नदिएमा सही नगर्ने र साधारण सभाले गरेको निर्णयमा प्रमाणित नगर्ने कारणले गर्दा नेपाल राष्ट्र बैंक समेतको सहमतिमा बैंठकमा आउदा खाजा र बाटाखर्च पनि नदिने भन्ने भयो । साधारण सभाको निर्णय पनि सहि गर्न प्रमाणित प्रतिनिधि नचाइने भए जस्तै स्पाइस जेटका यात्रुले पनि दारु पानीका बोतल नै लगिदिने । खानेकुरा पनि अब्बल दर्जाको माग शरे कि ? जे हास् केही पनि खुवाएन । भोक लागेको बेला यत्रो हवाइ सेवा दिने संस्थाको गति ठिक लागेन । (क्रमशः)

# मानव तस्करीको मुद्दामा मिडियाको चासो

■ राकेश प्रसाद चौधरी

नेपालबाट खाडीलगायत अन्य देशमा कामदार पठाउने नाममा हुने मानव तस्करीको नयाँ मार्ग एकाएक चर्चामा आएको छ । इराक र दुबई जान लागेको धेरै महिलालाई म्यानमारको सीमा नजिकैको भारतीय शहर मोरेह,मणिपुरलगायतका ठाउँबाट उद्धार गरिएपछि यो मार्ग चर्चामा आएको हो ।

म स्वयं दुई महिना अगाडि मिडिया फेलोसीपको क्रममा भारतको कोलकत्ता हुँदै म्यानमार गएको थिएँ । नेपालीलाई भारतको कोलकत्तालगायत कुनै पनि अन्तरर्ाष्ट्रिय विमानस्थलबाट जुनसुकै देशमा जान भिसा भए पनि भारतस्थित नेपाली दूतावासको 'नो अब्जेक्सन' पत्र देखाएपछि मात्रै विदेश उड्न दिने नियम बनाएको छ । हुनतः नेपाल सरकारले खाडी देशमा कामदार भई जाने महिलाहरुको हकमा यो नियम लागू गरेको थियो तर यसको असर सम्पूर्ण नेपालीले भारतीय विमानस्थलमा भोग्नु परिरहेको छ ।

म्यानमारमा भइरहेको मिडिया फेलोसीप कार्यक्रममा मानव तस्करहरुले भारतको पहाडि क्षेत्र तथा म्यानमार सीमा क्षेत्रमा बसोबास गर्ने जस्तै अनुहार मिल्नेहरुलाई म्यानमारको बाटो हुँदै इराक, दुबईलगायतको देशमा कामदार पठाउने नाममा मानव तस्करी हुने गरेको विषय उठान भएको थियो । तस्करहरुले हालैका दिनमा चीनमा कामदार पठाउने नाममा चीनको बाटो हुँदै म्यानमार पुऱ्याउने गरेको विषय खुलेको थियो । तर यसबारे ठोस प्रमाण देखिएको थिएन ।

नेपाली महिलाहरुको नाम र ठेगाना नै परिवर्तन गरेर भारत वा म्यानमारकै नागरिक बनाएर खाडी देशमा पठाउने गरिएकोले यो विषयको सोधखोज झनै कठिन बन्न थालेको हो । यस किसिमको घटनामा उद्धार गर्न समेत कठिनाई भइरहेको कुरा इमप्लस एनजिओ नेटवर्ककी अध्यक्ष हसिना खर्भीले बताएकी थिइन् । त्यही म्यानमारका संचारकर्मी तथा अधिकारकर्मीहरुले म्यानमारका नागरिकलाई वैदेशिक रोजगारमा जान रोक्न नसकिने मौकाको फाइदा अन्यहरुले लिने गरेको विषय बाहिरिएको थियो ।

भारतको राजधानी दिल्लीमा त्यहाँको महिला आयोग, सुरक्षाकर्मी तथा विभिन्न गैरसरकारी संस्थाले कडाई गर्न थालेपछि नेपालबाट कामदार पठाउने मार्गहरु परिवर्तन हुन थालेको बताइन्छ । केही समय अगाडि दिल्लीबाटै बेचिने सक्ने सम्भावना भएकी छ महिला उद्धार गरिएपछि त्यहीबाट निकालिएको सूचनाको आधारमा भारतको मोरेहबाट ४० जना महिलालाई उद्धार गरिएको विषय नेपाली मिडियामा फेब्रुअरी २ तारिखको दिन स्थान पायो । त्यही इष्टमोजो, तहलका, असम ट्रिब्युनसहितका भारतीय मिडियाको अनलाइन संस्करणमा सयभन्दा बढी नेपाली महिलाको उद्धार गरिएको विषय फेब्रुअरी १ र २ तारिखको दिन चर्चामा रह्यो ।

नेपाली मिडियाले ४० संख्या भनेर सानो समाचार र भारतीय मिडियाले सयभन्दा बढी महिलाको उद्धार भएको विषयमा ठूलो समाचार बनाउनुले नै केही गहन अनुसन्धानको आवश्यक्ता रहेको देखिन्छ । बरु नेपालकै अंग्रेजी माध्यमको मिडियाले यो विषयलाई भारतीय अंग्रेजी मिडिया सरह नै स्थान दिएको हो । पहिले नै उठान गरिसकिएको छ, नेपालीलाई भारत तथा म्यानमारको नक्कली नागरिक बनाएर विदेश पठाउने गरिएको छ । त्यसै कारणले पनि एउटै घटनामा नेपाल र भारतको मिडियाले फरक फरक तथ्यांक सार्वजनिक गरिरहेको छ भने उद्धार थालिनु अगाडि नै ६० जना महिलाहरु म्यानमार क्षेत्रमा प्रवेश गरिसकेको आशंका गरिएको हो । उद्धार गरिएकी महिलाहरुको उमेर २० देखि ३५ वर्ष छ । मानव तस्करी गरेको आरोपमा सिन्धुपाल्चोकका ४२ बर्षीया आशाकाली तामाङ समेत नियन्त्रणमा छिन् ।

नेपालबाट माइती नेपाल तथा भारतबाट इम्पलस एनजिओ नेटवर्कलगायतका संस्थाहरुले महिलाहरुको उद्धारमा भारतको महिला आयोग तथा सुरक्षाकर्मीलाई सहयोग गर्दै आएको छ । स्रोतका अनुसार माइती नेपालले ७० जना नेपाली महिलाहरु भारतको मोरेह शहर हुँदै म्यानमार तस्करी हुन लागेको खबर उसका समकक्षी संस्था तथा सुरक्षा निकायसँग गरेको थियो । यस मार्गबाट सयौं नेपाली महिलालाई म्यानमारलगायतको देशमा तस्करी भइसकेको र अझै सो क्रम जारी रहेपछि नेपाल, भारत र म्यानामारको सामाजिक संस्था तथा सरकारका प्रतिनिधिहरु अहिलेसम्म उद्धारको क्रम जारी राखेको छ ।

झण्डै छ महिना अगाडि म स्वयं दिल्लीको पहाडगंज क्षेत्रमा सानो अध्ययन गर्दा त्यहाँका होटलहरुमा मोवाइल फोनले राम्ररी काम गर्ने नगरेको देखिएको थियो । दिल्लीको पहाडगंज, जेबी रोड लगायतको क्षेत्रबाट महिला आयोगले धेरै नेपाली महिलाहरुलाई उद्धार गरि बेचिनबाट जोगाएको छ ।

दुई महिना अगाडि म्यानमारस्थित एउटा पसलमा सामान किन्न जाँदा मसँग नेपाली भाषा बोल्ने साथी रहेकोले हामीले नेपालीमै कुरा गरिरहेका थियौं । एउटा समान राम्रो नलागेको प्रतिक्रिया जनाएको थिए । त्यही बेला त्यहाँ रहेकी महिला कामदारले इशारामै हामीलाई पसलको अर्को कुनामा त्यस्तै तर राम्रो समान रहेको ठाउँमा पुऱ्याएको थियो । नेपालबाट सडकमार्गको भारतीय बाटो हुँदै म्यानमारमा महिलाहरुलाई पुऱ्याउने र केही दिन त्यहाँ काम गराएर अन्यत्र पठाउने समेत गरिएको दाबी गर्न सकिने ठाउँ छ । मानव तस्करीको विषयमा नेपाली मिडियाले राजनीतिकै सेरोफोरोमा उठान गर्नुपर्ने खाँचो देखिएको छ ।

नेपालमा आर्थिक वर्ष २०७५/७६ साउनदेखि यता १४८ वटा मानव बेचबिखनको मुद्धा दर्ता भएको छ । त्यही ९५ वटा मुद्दा फछ्र्यौट भएको नेपाल प्रहरीको तथ्यांकमा छ । गत आर्थिक वर्ष २०७४/७५ मा ५४६ मानव बेचबिखनको उजुरी भएकोमा ३०५ मुद्दा फछ्र्यौट भएको थियो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना हुने उल्लेख छ ।

## नेपालको...

अमेरिका जस्तो ठूलो देशसँग लडाइँ गर्नुपऱ्यो । चीनले पनि ठूलो संघर्ष गरेको इतिहास छ । सन् १९३७ मा जापानले हमला गर्दा सार्वभौमसत्ता जोगाउन चीनका राष्ट्रवादी तथा कम्युनिष्टहरु एकजुट भएका थिए । नेपालमा पनि राष्ट्रियता जोगाउन सबै शक्ति मिल्नैपर्छ । हामीलाई आपसमा लडाएर अरुले फाइदा लिन चाहेका छन् । यो कटु सत्य बुझ्न सकिएन भने हामी पनि पराधीन बन्न सक्छौं । सयकडौं वर्षसम्म हाम्रा पूर्वजले नेपालको स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गरेर हामीलाई स्वतन्त्र नेपाल हस्तान्तरण गरे । हामीले हाम्रा सन्तानलाई अविभाजित, स्वतन्त्र, शान्त र समृद्ध नेपाल हस्तान्तरण गर्नु पर्दछ । युगले सुम्पेको यो दायित्व पूरा गर्न हामी जात, धर्म, क्षेत्रका आधारमा विभक्त हुनु उचित होइन । हामी सबै नेपाली हौं, भन्ने प्रवल राष्ट्रियभावना लिएर अघि बढ्नुपर्छ । रात जतिसुकै लामो भए पनि उज्यालो अवश्य हुन्छ । तर, स्वतन्त्रतामाथि नै खेलवाड गर्न थालेमा नेताहरुले मात्र होइन, त्यस्तो प्रवृत्तिको समर्थन गर्ने सबैले पश्चाताप गर्नैपर्दछ ।

नेपालको सार्वभौमसत्ता नेपालमै छ, तर शक्तिको स्रोत खोज्दै विदेश धाउने केही नेताका कारण सार्वभौमसत्ता कमजोर बन्दै गएको कटुसत्यलाई हामीले स्वीकार गर्नैपर्छ । कहिले पनि पराधिन नभएको नेपालको इतिहास साक्षी छ, ठूलठूला आँधीबेहरीहरुबाट देशलाई जोगाउन नेपालीहरुले ठूलो बलिदान गरेका छन् । नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र अखण्डता जोगाउन नेपालीहरु जेसुकै गर्न पनि तयार छन् । यो इतिहासले पुष्टि गरेको सत्य हो ।

विश्व मानचित्रबाट कैयन् देशहरु लोप भएका छन् । कैयन् देशहरु राजनीतिक र जातीय कारणले विभाजित भएका छन् । सार्वभौमसत्ताप्रति संवेदनशिल हुन नसक्दा पूर्व युगोस्लाभिया जातीय कारणले टुक्राटुक्रा भयो । राजनीतिक स्वार्थमा विदेशी स्वार्थ मिसिदा सोभियतसंघ टुक्रेर १५ राज्यमा विभक्त भयो । लेवनानमा विदेशीकै षडयन्त्रमा गृहयुद्ध चर्कियो । बेरुतमा दुईवटा राजधानी बनाएर मुसलमान र इसाईबीच झगडा लगाउने काम भयो । आज नेपालीहरुलाई जात, धर्म, क्षेत्र, भाषा र सम्प्रदायको आधारमा विभाजित गराएर केही विदेशी शक्तिहरु हाम्रो राष्ट्रिय एकतालाई खण्डित गराउने खोजिरहेका छन् । कुनै पनि बहानामा देश विखण्डित भयो भने हामी नेपालीहरु कोही पनि बलियो बन्न सक्दैनौं । जुनसुकै जात, धर्म, सम्प्रदाय र क्षेत्रका भए पनि पहिले हामी नेपाली हौं । तर, नेपालमा भइरहेको विदेशी चलखेल र जनताले जिम्मेवारी सुम्पिएका नेताहरुबाट भइरहेका राष्ट्रघाती गतिविधिहरुको विश्लेषण गर्दा देश कमजोर हुँदै गएको स्वीकार्नै पर्छ । सार्वभौमसत्ता जोगाउन सचेत र युवा पुस्ताले समयमै खबरदारी गरेनन् भने अन्त्यमा गएर पछुताउनुबाहेक हामीसँग अर्को विकल्प पनि रहने छैन ।